मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily




वर्ष १ | अंक ७२ | २०७९ साल माघ ६ गते शुक्रवार | Friday 20, Jan. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# पर्सामा भूमाफियाको चलखेल

## मोटो रकम लिई बन्द अवधिमा पनि जग्गाको किताकाट




मधेशदृष्टि
बीरगंज, ५ माघ। पर्सामा फेरि भूमाफियाहरुको चलखेल शुरु भएको छ। नापी कार्यालय तथा मालपोत कार्यलय वीरगंजका कर्मचारीलाई भूमाफियाहरुले मोटो रकम लिएर किताकाट बन्द रहेको अवधिमा पुरानै मितिमा किताकाट गराउंदै आएको रहस्य खुलेको छ।

सरकारी नीति नियमको बर्खिलापमा भुमाफियाको प्रलोभनमा परेर किताकाट बन्द रहेको अवधिमा वीरगंजमा सयौ किताकाट गरी जग्गा किनबेच गरेको कुरा खुल्न आएको छ।

नेपाल सरकारले देशैभरि २०७९ जेठ २५ गतेदेखि किताकाटमा रोक लगाएको भएपनि वीरगज नापी कार्यलयले भूमाफियाको प्रलोभनमा किताकाट गर्दै आएको हो। लाखौ रुपैया लेनदेनको आधारमा नापी कार्यालयबाट सयौं किता जग्गा पुरानो मितिमा किताकाट भएको छ।

नापी कार्यालयका प्रमुख नारायण श्रेष्ठको निर्देशनमा पुरानो मितीमा बीरगंजमा सयौ कित्ता जग्गा कित्ताकाट कार्यालय श्रोतको भनाई छ। एक कित्ताकाटका लागि नापीको कर्मचारीले ५ लाख रुपैयासम्म घुस लिने गरेको पिडितहरुले बताएका छन। कित्ताकाट रोकिदा पर्साका जग्गाधनीहरु आफ्नो जग्गा खरिद विक्री गर्न नपाउँदा समस्यामा परेका छन। तर भूमाफियाहरुका लागि रजगज नै भएको छ।

भुमाफियासँग मिलोमतोमा नापी कार्यलय पर्साका केही कर्मचारीहरुले अबैध रुपमा कित्ताकाट गरेको भेटिएको छ। वीरगज लक्ष्मणवा निवासी एक व्यक्तिको ७ कठ्ठा जग्गालाई थाहा नै दिई २ महिना अगाडी ७ वटा कित्तामा बिभाजीत गरिएको थियो। उनका अनुसार मेरो जग्गालाई कित्ता नम्बर २३०४, २३०५, २३०६, २३०७, २३०८, २३०९ र २३१० गरी ७ कितामा विभाजित गरिएको थियो। आफू थाहा पाएपछि कर्मचारीलाई आफ्नो जग्गामा अवैध किसिमले गरेको कित्ताकाटको बारेमा मुद्दा हाल्ने बताएपछि रोकिएको थियो। उनको जग्गाको अवैध रुपमा गरिएको किताकाट घटनाले बन्द अवधिमा पनि किताकाट भइरहेको रहस्य बाहिरिएको हो।

नापी कार्यालय किताकाट बन्द रहेको दाबी गर्दै आएको अवस्थामा नापी कार्यालयका भ्रष्टकर्मचारीहरुले बीरगज महानगरपालिकाको सबिक वडा नम्बर २ नगवामा रहेको कित्ता नम्बर ४००४ को जग्गाबाट पुरानो मितीमा नै निवेदन दर्ता गरि कार्यलय प्रमुख नारायण कुमार श्रेष्ठले आफै सहिगरि ३ वटा कित्ता काट गरेको प्रमाण फेला परेको छ।

नेपाल सरकारले कित्ताबाट बन्द गरेको अघिलो दिन जेठ २६ गते सो जग्गा कित्ताकाट भएको पलौट रजिस्टरमा देखिएको छ। सरकारले रोक लगाएपछि निवेदन

- बाँकी पृष्ठ ६ मा

## यी हुन श्रेष्ठका सहयोगी माफिया कर्मचारी

भूमाफियासँग मोटो रकम घुस लिई कार्यालय प्रमुख श्रेष्ठलाई किताकाट गर्ने काममा ती कार्यालयका कर्मचारीहरु प्रमुख सहयोगी हुन्। कार्यालय प्रमुख श्रेष्ठलाई अवैध काममा सघाउने नापी कार्यालयका अधिकृत नागेन्द्र महतो अमिन प्रमोद कुमार सिह प्रमुख कर्मचारी हुन्।

उनीहरुले नै भुमाफियाहरुसंग मिली नियम बिपरित कित्ताकाट गरिरहेको छन्। कार्यालय प्रमुखसँग भूमाफियाको सेटिङ्ग मिलाउनेदेखि किताकाट गर्नेमा तिनीहरुसँग संलग्न हुन्। ती जग्गाको कित्ताकाट गर्ने एरिया अमिन धिरेन्द्र कुमार सिह भएपनि प्रमोद सिहले कित्ताकाटमा सहि गरेको भेटिएको छ।

त्यतीमात्र हैन नापी कार्यालय बीरगंजका कार्यलय प्रमुख श्रेष्ठले कृतिम कर्मचारी श्रृजना गरी अवैध रुपमा तलब भत्ता समेत बुझ्दै आएको कुरा खुलेको छ। नापी कार्यालयको काम सहज गर्न विभिन्न वडामा कार्यालयको इकाई खोलिने व्यवस्थाको फाइदा उठाउंदै विभिन्न इकाईमा कृतिम कर्मचारी खडा गरी श्रेष्ठले तलब भत्ता बुझएको हो।

श्रोतका अनुसार विभिन्न इकाईका १० जना चैन म्यान (इकाई कर्मचारी) को नक्कली सहि गरि कार्यालयबाट तलब उठाउँदै आएको हो।

# राहत दिन माग गर्दै घाइतेहरुले मन्त्री यादवलाई घेरे



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ। मधेश सरकारले मनाउन लागेको बलिदानी दिवसको कार्यक्रम स्थल मधेश आन्दोलनका घाइतेहरुले घेराउ गरेका छन्।

उनीहरुले सरकारले गरेको प्रतिबद्धता अनुसार मधेश आन्दोलनका घाइतेहरुलाई कुनै सहयोग नगरेको आरोप लगाउंदै मधेश सरकारले बलिदानी दिवसको अवसरमा मधेश भवन भित्र आयोजना गर्न लागेका कार्यक्रम स्थल घेराउ गरेका थिए।

मधेश आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहिदहरुको स्मरणमा प्रत्येक वर्ष माघ ५ गतेका दिन बलिदानी दिवस मनाउंदै आएका छन्। यसैक्रममा यस वर्षपनि बिहीवार मधेश सरकारको गृह तथा सञ्चार मन्त्रालय मातहतको मधेशी शहिद प्रतिष्ठानले आयोजना गर्न लागेका कार्यक्रम स्थलमा उनीहरु धर्ना बसेर घेराउ गरेका थिए।

सो कार्यक्रममा ६१ जना शहिद परिवार र एकजना मात्र आन्दोलनका घाइतेलाई दुई/दुई लाख राहत वितरण भइरहेको खबर पाएपछि घाइतेहरु सो कार्यक्रम घेराउ गर्न पुगेका थिए। कार्यक्रममा सहभागी हुन गइरहेका प्रमुख अतिथि नवनियुक्त मन्त्री संजय यादवलाई कार्यक्रम स्थलको मुख्यद्वारमै घेरेका थिए। आन्दोलनको जगमा मधेश केन्द्रितहरुले सत्ता प्राप्त गरि मधेश सरकारको नेतृत्व गरिरहेको तर आन्दोलनका घाइतेहरुलाई अवमुल्यन गर्ने गरेको भन्दै आफूहरुले पनि

- बाँकी पृष्ठ ६ मा

# मधेश आन्दोलनको डेढ दशक

## दल सत्तामा लीन, मुद्दा जस्ताको त्यस्तै



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ। मधेश आन्दोलनको १५ वर्ष पुरा भएको छ। मधेश आन्दोलनको सम्झनामा प्रत्येक वर्ष बलिदानी दिवस मनाइदै आएको छ। यसैक्रममा बिहीवार पनि माघ ५ गतेका दिन औपचारिकतापुरा गर्न मधेशका जिल्लाहरुमा १६ औं बलिदानी दिवस मनाइएको छ।

आजभन्दा १६ वर्ष अगाडि २०६३ माघ ५ गते सिरहाको लहानमा रमेश महतोले मधेसका लागी दिएको शहादतबाट मधेस आन्दोलनको शुरुवात भएको थियो। सोही दिनको सम्झनामा प्रत्येक वर्ष बलिदानी दिवस मनाइदै आएको हो।

एक दशक अघिसम्म मधेशका जिल्लाहरुमा मधेश केन्द्रित दलहरुले भव्यताका साथ विभिन्न कार्यक्रम गरी बलिदानी दिवस मनाउंदै आएको थियो। तर अब औपचारिक पुरा गर्न दलहरुको मूल कार्यसमितिले बलिदानी दिवसको अवसरमा कार्यक्रम गर्न बन्द गरिसकेका छन्। बरु औपचारिकता पुरा गर्न तिनका भातृ संगठनहरुले फुलमाला चढाएर पुरा गर्दै आएका छन्।

मधेश आन्दोलनको १५ वर्ष बितिसक्दा पनि आन्दोलनका मूल मुद्दाहरु अझै पुरा हुन सकेको छैन। मधेशका ११७ जनाको शहादतको रगतलाई भजाएर तात्कालिन विभिन्न दलहरु सहित हालका मधेश केन्द्रित दलहरु जसपा र लोसपा पटक पटक सरकारमा गए। मधेशमा आफ्नै नेतृत्वमा सरकार समेत बनाएर तर मधेश आन्दोलनका मुद्दाहरु संस्थागत गर्न सकेन।

मधेश केन्द्रित दलहरुको सत्ता लिप्साका कारण मधेश आन्दोलनका मुद्दाहरु ओझेलमा परेका छन्। मधेश आन्दोलनका मुद्दासँग खेलवाड गर्ने दलहरु

- बाँकी पृष्ठ ६ मा

# मधेशीप्रतिको नश्लीय विभेद कायमै

## प्रम प्रचण्ड र उपप्रम लिङ्देनले गरे मधेशी शहीदको अपमान



प्रमोद साह
जनकपुरधाम, ५ माघ।
माघ ५ गते मधेशमा बलिदानी दिवस, ती विर शहिद जसको शहादतले आज हामी मुलुकमा संघियता पाएका छौ तर अहिले पनि ति शहिदहरुको सम्मानमा राजनीति हुदै आएको देखिएको छ। शुक्रवार संघिय संसदमा केहि सांसद र देशका उच्च ओहदा सम्हालेका व्यक्तिहरुको पराई व्यवहारले शहिदहरुको सपनामाथि तुषारापात मात्रै होइन परिर्वतनका लागि आफनो शहादत दिएका सम्पुर्ण शहिदहरुको खुल्लारुपमा अपमान गरिएको छ।

माघ ५ गते संघिय संसदमा जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले आज बलिदानी दिवस रहेको र यसलाई सबैले सम्मानका साथ एक मिनेट मौन धारण गर्नका लागि आग्रह गरेपछि मुलुकका प्रधानमन्त्रीले नै गरेको अपमानले संघिय संसदमा कालो दिनको रुपमा परिणत भएको छ।

### टिप्पणी

मधेशसंग लभ भएको भनेर ढोल पिट्ने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मधेश शहिदको सम्मानमा एक मिनेट पनि मौन धारण गर्न सकेन भने राजा फर्काउने भने ढोल पिटदै आएका उपप्रधानमन्त्री राजेन्द्र लिगंदेनले पनि मधेशी शहिदलाई सम्मान गर्न उचित ठानेनन्। संघिय संसदमा राष्ट्रिय गीत बजाएसंगै सुरु भएको संसद भवनले मधेशी शहिदलाई नसम्झेपछि बोल्नका लागि पांच मिनेट पाएका डा सिके राउतले दुख र पिडा यसरी पोखे : आज मधेशीले बलिदानी दिएको दिन हो, हामीले कति चाहि शाषकहरुको दिन मनाईरहने ? शाषकवर्गका भेषभुषालाई हामीले मात्रै सम्मान गर्ने कि माघ ५ गते जुन बलिदानी दिवस मनाईदै छ त्यसलाई राष्ट्रव्यापी रुपमा मनाउने ? हाम्रा मधेश आन्दोलनका शहिदहरुलाई जसलाई राज्यले नै शहिद घोषणा गरेको छ त्यसलाई देशले सम्मान दिने कि नदिने ? यो संसदले सम्मान दिने कि नदिने ? त्यो मधेशका मात्रै शहिद हो कि ? आज माघ ५,यहा समय सकिएला त्यहि भएर म आज माघ पाच गते मधेश बलिदानी दिवसको अबसरमा एक मिनेट मौन यो संसद भवन भित्र म गर्न चाहन्छु र तपाईहरुको पार्टीले हाम्रो शहिदलाई सम्मान दिन सक्छ कि सक्दैन,उठेर तपाईहरु सम्मान दिन सक्नुहुन्छ कि हुन्न भनेर म आग्रह गर्न चाहन्छु। धन्यवाद

यति भन्ना साथ नेपाली कांग्रेसका नेता विमलेन्द्र निधी यता उता हेर्दै मौन धारणका लागि उठे, गृहमन्त्री रवि लामिछाने पनि सिके राउतको अर्थपुर्ण भनाईलाई सम्मान गर्न खडा भएर मौन धारण गरे तर प्रधानमन्त्री प्रचण्ड सहित उनका पार्टीका सांसदहरु कुर्सीमै बसीरहे। त्यसैगरि उपप्रधानमन्त्री राजेन्द्र लिंगदेन सहित उनका पार्टीका सांसदहरुले पनि सम्मान गर्न उचित नठानी कुर्सीमै बसीरहे। शुक्रवार संघिय संसद भवनमा देखिएको प्रधानमन्त्री र उपप्रधानमनत्री सहितको माओवादी र राप्रपाको नौंटकीले मधेशी अहिले पनि सम्मान योग्य नरहेको भनेर पुष्टि पनि गरेको छ। मधेशसंग भोट लिने तर मधेशीलाई मान्छे नै नठान्ने प्रवृति भएका यस्ता नेताहरुसंग सजग हुनुपर्ने अवस्था आएको छ।

मधेश र मधेशीको विषयमा यस्ता विचार राख्ने नेताहरुको खुलासा गर्ने समय आएको छ तर यसका लागि मधेशी नेताहरुले इमान्दारीता देखाउनु आवश्यक रहेकोछ। कुनै बेला

- बाँकी पृष्ठ ६ मा

शक्तिमान रोटावेटर
पाँच पटकको जोताई एक पटकमा

SHAKTIMAN®
MAKING AGRICULTURE MORE ECONOMICAL
अधिकृत विक्रेता:
त्रिशक्ति ट्रेडर्स
प्रतिमा चौक, वीरगंज, मो.नं. ९८११३०४३९९

# लोवि संघले मनायो बलिदानी दिवस



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ । लोकतान्त्रिक विद्यार्थी संघ जनकपुरधाम नगर समितिले १६ औं मधेस बलिदानी दिवस मनाएको छ।

लोसपा विद्यार्थी संघ जनकपुरधाम नगर समितिका अध्यक्ष अमित ठाकुरको अध्यक्षता एवं पार्टीका प्रदेश अध्यक्ष जितेन्द्र सोनलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा मधेस आन्दोलनमा शहादत प्राप्त गरेका शहीदहरुको तस्बिरमा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरिएको थियो । श्रद्धाञ्जली सभामा प्रदेशसभा सदस्य रमिता प्रधान, लोसपाका धनुषा जिल्ला अध्यक्ष परमेश्वर साह, प्रदेश सचिव रामबिनोद चौधरी, लोसपा युवा संघका जिल्ला अध्यक्ष प्रशान्त झालगायतकाहरुको उपस्थिती रहेको थियो।

# थोत्रा जहाज सञ्चालक र उडान अनुमति दिनेलाई पक्राउ गर्न सिके राउतको माग



मधेशदृष्टि
काठमाण्डौ,५ माघ । प्रतिनिधि सभा सांसद तथा जनमत पार्टीका अध्यक्ष सिके राउतले थोत्रा जहाज सञ्चालन गर्ने सञ्चालक र उडान अनुमति दिनेलाई पक्राउ गरी छानबिन गर्न माग गरेका छन् ।

बिहीबार प्रतिनिधि सभा बैठकमा बोल्दै राउतले गृहमन्त्रीलाई सम्वोधन गर्दै मोटरसाइकल दुर्घटना हुँदा चालकलाई हिरासतमा लिई अनुसन्धान थाल्ने प्रहरीले जहाज दुर्घटना हुँदा किन सञ्चालक र उडान अनुमति दिनेलाई पक्राउ नगरेको हो भन्ने प्रश्न उठाए।

राउतले गृहमन्त्री रवि लामिछानेलाई थोत्रा जहाज सञ्चालन गर्ने सञ्चालक र उडान अनुमति दिनेलाई पक्राउ गर्न आग्रह गरेका छन्।

'मोटरसाइकल दुर्घटनामा पनि प्रहरीले धनीलाई हिरासतमा लिएर छानबिन सुरू गर्छ,' उनले भने, 'पुरानाभन्दा पुराना थोत्रा जहाज ल्याएर सञ्चालनमा ल्याउने सञ्चालक, अनुमति दिने टोली र उडान अनुमति दिने टोलीलाई पक्राउ गरी छानबिन गर्न कुनचाहिँ विधि र प्रक्रियाले रोकेको छ? या त भन्नुपर्‍यो- सानालाई ऐन र ठूलालाई चैन !'

उनले गृहमन्त्री लामिछानेलाई यस विषयलाई गम्भीरतासाथ लिन र छानबिन गर्न माग पनि गरेका छन्।

'तपाईंचाहिँ प्रक्रियावादी नबन्नुहोस्,' राउतले भने।

# अयोध्या र जनकपुरधामको सम्बन्ध प्रगाढ बनाउनुपर्छ



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ । अयोध्या र जनकपुरधामको सम्बन्ध रामायणकालदेखि नै चल्दै आएको छ। माता सीता र पुरुषोत्तम रामको विवाह भएकै दिनदेखि अयोध्या र जनकपुरधामको सम्बन्ध रहेको छ। आज पनि यो प्रचलन जारी अयोध्यास्थित लक्ष्मण किल्लाका महन्त मैथिली रमणशरण जी महाराजले भनेका छन्।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशनदास वैष्णवले आयोजना गरेको विदाई कार्यक्रममा अयोध्यास्थित लक्ष्मण किल्लाका महन्त मैथिली रमणशरण जी महाराजले यस्तो बताए। उनले अयोध्या र जनकपुरधामबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउनुपर्ने बताए । त्यसैले आगामी दिनमा अयोध्या र जनकपुरधामबीच कार्यशाला बैठक आयोजना गरिनुपर्छ। अयोध्याका हनुमन्त दरवारका उत्तराधिकारी महन्त मिथिलेश नन्दनी शरण, मुथिया मठ सीतामढ़ीका महन्त मिथिला बिहारी शरण, श्री रामानंदीय बैष्णव संघका कोषाध्यक्ष राम दिनेश दास, सदस्य गौरी शंकर दास, , जसपा नेता राम चंद्र पंजियार, बिहार, इस्लामपुर निवासी समाजसेवी रवि सिंह लगायतका विभिन्न व्यक्तित्वहरू उपस्थित थिए।

# नापीका ४ कर्मचारीमाथि भ्रष्टाचार मुद्दा

मधेशदृष्टि
काठमाडौं, ५ माघ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय, रुपन्देहीका तत्कालीन नापी अधिकृत घनश्याम दुवेसहित ४ जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको छ ।विशेष अदालतमा दायर मुद्दामा दुवे र सर्भेक्षक ठाकुरप्रसाद गुरौसमेत ४ जनाले सरकारी कागजात सच्याउने कार्य गरी भ्रष्टाचार गरेको अख्तियारको भनाई छ। उनीहरुले रुपन्देही जिल्ला, साबिक सेमलार गा.वि.स. वडा नं. २(ग), कि.नं. ३५९४ कित्ताकाट गरी कि.नं. ४१९१ र ४१९२ कायम गर्दा कि.नं. ४१९१ लाई कि.नं. ३४३४ र कि.नं. ३५८८ को बीचमा घुसाई कि.नं. ३४८३ को क्षेत्रफल घटाई नक्सा परिवर्तन गरी सरकारी निकायको कागजातमा अनाधिकार वा गैरकानूनी तरिकाले सच्याउने वा हेरफेर गर्ने कार्यलाई प्रमाणित गरी भ्रष्टाचार निवारण ऐन, द्दण्छद्ध को दफा ११ बमोजिमको कसूर गरेको अख्तियारको दाबी छ। रुपन्देही, बुटवल उपमहानगरपालिका वडा नं. १३ बस्ने शक्तिप्रसाद सापकोटा र पुष्पा सापकोटाले आफूहरुले फाइदा लिने उद्देश्यले कि.नं. ३४८३ को क्षेत्रफल घटाई दुबे र गुरौलाई नक्सा परिवर्तन गर्ने कार्यमा सहयोग गरेको भन्दै उनीहरुलाई पनि मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ।

# आगो ताप्ने क्रममा एक वृद्धाको मृत्यु

मधेशदृष्टि
विराटनगर, ५ माघ । जाडो छल्न आगो ताप्ने क्रममा जलेर विराटनगरमा एक वृद्धाको मृत्यु भएको छ।

विराटनगर महानगरपालिका-१० लालिगुराँस चोकमा बिहीबार बिहान आगो ताप्ने क्रममा जलेर स्थानीय ८० वर्षीया देवी यादवको मृत्यु भएको प्रहरीले जनाएको छ।

मोरङ प्रहरीका अनुसार बिहीबार घरभित्रको फलामको मकलमा आगो ताप्ने क्रममा बिहान साढे ७ बजे अचानक लुगामा आगो सल्किँदा वृद्धाको जलेर मृत्यु भएको हो।

छोरा धीरेन्द्र बिहान दूध लिन गएका र आफन्तहरू घरभित्रै भएको अवस्थामा बाहिर आगो ताप्ने क्रममा उनको शरीरमा आगो सल्किएको थियो।





# रास्वपाकी सोवितालाई उपसभामुख बनाउने तयारी



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ । सत्ता साझेदार दलहरूले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सोविता गौतमलाई उपसभामुख बनाउने तयारी थालेका छन्।

बिहीबार सभामुखमा नेकपा एमालेका देवराज घिमिरे चयन भएपछि उपसभामुख रास्वपाकी गौतमलाई बनाउने तयारी शुरु गरिएको हो । गौतम कानुनको विषयमा जानकार भएकाले रास्वपामा उनैलाई उपसभामुख बनाउनुपर्ने मत बलियो छ । गौतम काठमाडौं-२ बाट प्रत्यक्ष निर्वाचित सांसद हुन्।

शुक्रबार रास्वपाले आधिकारिक निर्णय गरेर उपसभामुखको उम्मेदवारको नाम सार्वजनिक गर्ने तयारी गरेको छ। प्रतिनिधिसभा उपसभामुख पदको निर्वाचन माघ ७ गते शनिवार हुने भएको छ।

प्रतिनिधिसभाको बिहीवार बसेको बैठकमा ज्येष्ठ सदस्य सभामुख पशुपति शमशेर जबराले सो घोषणा गरेका हुन्। साथै उनले प्रतिनिधिसभा उपसभामुखको निर्वाचनको सूचना प्रकाशित गर्न पनि संसद सचिवालयलाई निर्देशन दिए।

बिहीवारको बैठकले सभामुखमा नेकपा एमालेका सांसद देवराज घिमिरेलाई निर्वाचित गरेको छ। उनको पक्षमा १६७ मत आएको छ भने नेपाली काँग्रेसकी सांसद ईश्वरीदेवी न्यौपानेले सय मत प्राप्त गरे।

त्यस्तै एक मत भने कसैलाई नदिने पक्षमा खसेको थियो । सभामुखका लागि महतदानमा २६८ सांसद सहभागी भएका थिए।

# कर्णालीभन्दा पनि मधेशका उद्योगहरु कमजोर

मधेशदृष्टि
जनकपुरधाम, ५ माघ। औद्योगिक क्षेत्रतर्फ मधेश प्रदेशको अवस्था कर्णालीभन्दा भन्दा पनि कमजोर रहेको प्रदेशका उद्योग, पर्यटन तथा वन मन्त्रालयका सचिव विशाल घिमिरेले बताएका छन्।

बिहीवार तथ्यांक कार्यालय धनुषाद्वारा आयोजित राष्ट्रिय औद्योगिक सर्वेक्षण नतिजा सम्बन्धमा आयोजित प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रममा सचिव घिमिरेले भने वस्तु उत्पादनमा औद्योगिक क्षेत्रतर्फ मधेश प्रदेश निकै पछाडि रहेको छ।

उनले भौगोलिक रुपमा मधेश प्रदेश सुगम रहेपनि उद्योगहरुको अवस्था संतोषजनक नरहेको पाइएको भने प्रदेशको उद्योगहरुको उत्पादन बढन नसक्नु कारण ऋणमा पहुँच नहुनु र उत्पादनमा लगानीको आभाव रहेको छ । यसतर्फले सरकारले ध्यान पुरयाउन आवश्यक छ।

तथ्यांक कार्यालयले गरेको सर्वेक्षण अनुसार मधेश प्रदेशका उद्योगहरुमा लागत बढि देखिएपनि उत्पादन र आम्दानीको अभाव रहेको समेत पाइएको छ। भरीका औद्योगिक अवस्था, त्यहाँ कार्यरत कर्मचारी, कर्मचारीहरुको तलब, उद्योगहरुले कुल ग्राहस्थ उत्पादनमा पुर्‍याएको योगदान लगायतको विषयमा गरेको सर्वेक्षणको संक्षिप्त प्रतिवेदन सार्वजनिक गरेको हो।

प्रतिवेदन अनुसार देशैभरी ६० हजार १ सय ८५ उद्योग रहेकामा मधेश प्रदेशमा मात्र ७ हजार २ सय ७९ उद्योगहरु रहेका छन् । सबैभन्दा बढी वाग्मति प्रदेशमा १८ हजार ३ सय ३३ उद्योगहरु रहेका छन्। मधेश प्रदेशमा खानी तथा उत्खनन उद्योग २१ वटा, ठूला उद्योगहरु ८ सय ५८ वटा, साना उद्योग ६ हजार २ सय ४८ उद्योग, विद्युत तथा ग्याससंग सम्बन्धित ४ वटा, पानीको आपूर्ती ढल निकास र फोहोर व्यवस्थापन सम्बन्धि उद्योगहरु १ सय ४८ वटा रहेका छन्।

उद्योगहरुको संख्या ठीकै रहेपनि अधिकांश उद्योगहरु पूर्ण क्षमता अनुसार काम गर्न नसकेको सर्वेक्षणमा देखाइएको छ । सर्वेक्षणमा सेवामुलक उद्योगहरुलाई भने समावेश नगरिएको तथ्यांक कार्यालयले जनाएको छ

कार्यालय निर्देशक राजेश धितालको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा मधेश प्रदेश स्थित निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सो कार्यक्रममा आएका सल्लाह सुझाव आगामी प्रतिवेदनमा समावेश गरिने जनाइएको छ।

## राशिफल

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
हिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन्। आर्थिक कारोबारमा सफलता पाइएला। लाभदायक यात्रा होला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
आज राजनैतिक र सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
शरीरमा स्फूर्ति र उमङ्गको कमी आउनेछ। मालसामान हराउन सक्छ। ससाना समस्यामा अल्झनुपर्नेछ, तर साँझमा आर्थिक लाभ मिल्न सक्छ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। मनमा सहयोग भाव आउला। प्रेम सम्बन्ध कसिलो हुनेछ। रमणीय र सुखद् यात्राको योग छ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। घरमा अतिथिको आगमन पनि हुन सक्छ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
ाज शुभारम्भको चर्चा चल्नेछ। सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ। भ्रमणको योग पनि छ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हात पार्न नसकिएला। सहकर्मीबाट विरोध आउला। नियमित खर्चसमेत बढ्ने योग पनि छ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज नयाँ र शुभकार्यको चर्चा चल्नेछ। पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। रमाइलो यात्राको सम्भावना पनि रहेको छ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज भाग्यले विभिन्न अवसर जुराउनेछ। घरमा अतिथिको आगमन हुनेछ। महत्त्वपूर्ण कामको थालनी हुनेछ, साँझमा भने चिन्ता बढ्नसक्छ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला। न्यायिक कार्यमा सफलता मिल्नेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज समय मध्यम खालको छ। आफूले ठीक मानेर गरेको काममा आफैलाई सन्तुष्टि मिल्ने छैन। सोचेजतिका कामहरूमा विघ्नबाधा आउनसक्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
ठीक समयमा सही निर्णय लिन सकिनेछ। वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ। लाभदायक यात्रा पनि हुनेछ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षेत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयमः | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समयः | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समयः | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयमः | १०:०० बजे |




बलिदानी दिवसको अवसरमा शहिदहरुको शालिकमा पुष्पअपर्ण गर्दै वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह । *तस्विर : मधेशदृष्टि*

# मलंगवामा बसपार्क निर्माण कार्य सम्पन्न, चाँडै सञ्चालन गर्ने तयारी

घनश्याम बलम्पाकी

सर्लाही, ५ माघ । सर्लाही सदरमुकाम मलगवामा सुविधा सम्पन्न बसपार्क निर्माण भएको छ । मलंगवा-२ मा सुविधा सम्पन्न बसपार्क निर्माणको काम पूरा भई हस्तान्तरण समेत भएको हो । बसपार्क निर्माणको काम सकिए पश्चात संघीय आयोजना कार्यान्वयन इकाई जनकपुरधामका प्रमुख प्रदीप खनालले मलंगवाका नगरप्रमुख नागेन्द्र प्रसाद यादवलाई बसपार्कको साँचो हस्तान्तरण गरेका छन् ।



सो बसपार्क कन्काई इन्टरनेशनल विल्डर्स सुरुंगा, झापाले ८ करोड ३१ लाख रुपीयाँ लागतमा बसपार्क निर्माणको काम पूरा गरेको हो । मलंगवामा रहेको कविर मठले उपलब्ध गराएको २५ रोपनी जग्गामा बसपार्क निर्माण गरिएको नगरप्रमुख नागेन्द्र प्रसाद यादवले जानकारी दिए । उनका अनुसार बसपार्क निर्माणले नगरको विकासमा समेत मद्धत पुग्ने र नगरलाई व्यवस्थित बनाउन टेवा पुगेको बताए । नवनिर्मित बसपार्कमा अढाई तले टर्मिनल भवन, सार्वजनिक शौचालय, खानेपानी, यात्रु प्रतिक्षालय, वर्कशप क्षेत्र, पार्किङलगायतको सुविधा रहेको निर्माण कम्पनिले जनाएको छ । बसपार्कमा तत्काल ५२ वटा ठूला र २० वटा साना सवारी पार्किङ गर्न सकिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गेहनाथ गौतमले जानकारी दिए । उनले नगरपालिकाले कार्यविधि बनाएर चाँडै नै नवनिर्मित बसपार्क संचालनमा ल्याउने योजना बनाएको प्रमुख प्रशासकीय अधिकृत गौतमले जानकारी दिए । हाल सञ्चालनमा रहेको पुरानो बसपार्क अत्यन्तै साँघुरो र अव्यवस्थित छ ।

# आचार्य परिवारले विधार्थीलाई गरे स्वीटर, टोपी र ब्याग सहयोग

आरके श्रीवास्तव

गरूडा,५ माघ । सहयोगी मन भएका मानिसहरूको अहिलेका जमानामा पनि कम्ती छैनन् । यसको प्रत्यक्ष उदाहरण रौतहटको फतुवा बिजयपुरमा रहेको एक प्राथमिक बिधालयमा मंगलबार हेर्न पाइयो ।



नगरपालिकाको वडा नम्बर १ गम्हरियामा रहेको श्री दलित प्राथमिक बिधालयका २१० विद्यार्थीले जाडोमा न्यानो स्विटर,टोपी र ब्याग उपहार पाएका छन् । काठमाडौं महानगरपालिका -४ विशाल नगर चण्डाल निवासी आचार्य परिवार बाट सङ्कलित रकमबाट दलित प्राविका विद्यार्थीलाई स्विटर,टोपी र ब्याग वितरण गरिएको हो । यति मात्रै होइन् कि चिसोचिसो मौसममा तातो तातो खाजाको पनि व्यवस्था सँगै गरेर ल्याएका थिए ।

आचार्य परिवारका प्रतिमा आचार्यसँगै उनकी आमा सुसीला आचार्य, संतोष आचार्य, अंजनी आचार्य, उत्तम आचार्य सहित आचार्य परिवार सहयोग गर्न कठ्यांग्रिदो चिसोमा रौतहट आई पुगेका थिए ।

विभिन्न मिडियाहरूमा भवन अभावमा बिधालयका बालबालिका चिसोमा बोरामा बसेर पढन् बाध्य लगायत बिधालयको दयनीय अवस्था बारे समाचारहरू बाहिर आएको थियो । उक्त समाचारकै प्रभावले आचार्य परिवार काठमाडौं बाट रौतहट आई सहयोग गरेका हुन् । आचार्य परिवारको उक्त कार्यको अभिभावकहरूले सराहना गरेका छन् । सो वितरणको क्रममा फतुवा बिजयपुर नपा १ का वडा अध्यक्ष बिजय यादव, नगरपालिकाका शिक्षा संयोजक तेजनारायण यादव, श्री दलित प्राथमिक विद्यालय गम्हरिया का प्र. अ. राजेन्द्र हजरा सहित विद्यालयका विद्यार्थी, अभिभावक र स्थानीय समाजसेवी भद्रभलादमी र पत्रकारहरुले पनि सहयोग गरेका थिए ।

# लायन्सद्वारा विपन्नलाई न्यानो वितरण

विनय कर्ण

सप्तरी, ५ माघ । लायन्स क्लव अफ सप्तरी हाईटले बिहीबार राजविराजमा विपन्न घर परिवारलाई न्यानो कपडा बल्यांकेट' वितरण गरेको छ । राजविराज नगरपालिका वडा नम्बर ९ स्थित मलेठमा विपन्न घरपारिवारलाई ५० थान न्यानो कपडा 'बल्यांकेट' वितरण गरेको हो ।लाईन्स क्लव अफ इन्टरनेशनल डिस्ट्रिक ३२५ एम.डी.नेपालको सहयोगमा जाडो छल्न बल्यांकेट' वितरण गरिएको आयोजक संस्थाका शंकर शारदाले जानकारी दिए । उनले जाडोकै कारण तराई मधेशमा विपन्न परिवारजनले ज्यान गुमाउने सम्मको अवस्था आउने गरेकोले जाडो छल्न न्यानो कपडा वितरण गरेको बताए । संस्थाका अध्यक्ष दिनेश कुमार साहको उपस्थितिमा थानेश्वर प्रसाद साह, निर्वमान प्रदेशसभा सदस्य नेत्रविक्रम साह, सञ्चारकर्मी ओमप्रकाश शाह र रामनारायण यादव सहितकाले न्यानो कपडा वितरण गरे । न्यानो कपडा पाएर आफू खुशी भएको सीतादेवी सदाले बताईन् । उनले जाडोको बेला न्यानो कपडा उपलब्ध गराउने संस्था प्रति आभार प्रकट गरिन् ।



# चन्द्रनिगाहपुरमा जीविकोपार्जन सुधार योजना निर्माण तालिम

मुकेश कुमार साह

रौतहट, ५ माघ । राष्ट्रिय कृषक समूह महासंघ नेपालको आयोजनामा तिनदिने जिविकोपार्जन सुधार योजना निर्माण तालिम सम्पन्न भएको छ । सो तालिम भि.ए.सो नेपालको सहयोगमा सञ्चालित एक्टिभ परियोजनाको सहयोगमा चन्द्रनिगाहपुरको होटल आरोहीमा सम्पन्न भएको हो । परियोजनाको केन्द्रित क्षेत्र बाराको जितपुर सिमरा,कलैया उपमहानगरपालिका र रौतहटको गौर, गढिमाई नगरपालिकाका कृषक समूहहरूलाई समावेशी गरी योजनानिर्माणका कामको बारेमा परिक्षण दिईएको थियो । महासंघले समूहगत बैठक बसी सम्पन्नता बिश्लेषण गरेर कृषकहरुलाई आफ्नै ब्यवसाय उत्पादनतर्फ उन्मुख गर्ने उदेश्यले कार्यक्रम गरिएको महासंघका केन्द्रीय सचिव रामहरी शर्माले बताए । कार्यक्रममा उद्यम सम्बन्धी शिर्ष अनुभव र आधार भूत पूर्वधार भएका विपन्नवर्गमा पर्ने २७ जना कृषकहरू पहिचान गरिएकोको थियो ।

कार्यक्रमले जिविकोपार्जन आयम गरिब निवारण क्षेत्रगत बिश्लेषण व्यवसाय छनोट गरी आफ्नो व्यवसाय गरी आमदानी खर्च निकाल्ने सिकाई पनि सिकाईएको प्रदेश सचिव जोगानन्द प्रसाद कलवारले जनाए । आर्थिक समृद्धिका लागि उद्यमशिलता आजको आबश्यकता भएका कारण हरेक महिला तथा पुरुषहरुमा भएको सिपलाई व्यवसायिकरण गर्दै लैजानुपर्ने राष्ट्रिय कृषक समूह महासंघ रौतहटका अध्यक्ष बलिराम साहले बताए। तालिममा व्यवसायिक योजना, खर्च व्यवस्थापन, बजार व्यवस्थापन, श्रोत पहिचान लगाएतका बिषयमाउद्यम बिकास सहजकर्ता नथुनी माझि तथा अन्किता नेपालले सहजीकरण गरेका थिए । यस्ता तालिमले आत्मनिर्भर बनाउनतर्फअगाडीवढाउनेभएकाले तालिममा सिकेको सीपलाई ब्यवहारमा उतार्नुपर्ने सहजकर्ता अंकिता नेपालले जिकिर गरे । तालिमका सहभागीहरुले तालिम निकै फलदायी रहेको बताएका छन् । तालिमका एक सहभागी राजेश साहले महिला तथा पुरुषहरुलाई उद्यमी बनाई आर्थिक समृद्धिको बाटोमा हिडाउने उद्देश्य सहित आयोजना गरिएको तालिम निकै प्रभावकारी रहेको बताए । तालिमका अर्का सहभागी बसन्ती कविता बन्जाराले उद्यमी बनि आत्मनिर्भर बन्न सकेमा समाजमा महिलामाथी हुने हिंसा समेत कम हुन सक्ने बताएका छन् । कार्यक्रमको परिक्षण उमेश कुमार श्रेष्ठले गरेका थिए ।

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

नगराईन नगरपालिका
धनुषा, मधेश प्रदेश

# मेयर जयसवालले विधुतमा पहुँच पुर्याउन गरे पोलको व्यवस्था

आरके श्रीवास्तव

गरुडा,५ माघ । रौतहटको कटहरिया नगरपालिकाका नगरप्रमुख अजय प्रकाश जयसवालले नगरवासीलाई विधुतमा पहुँच पुर्याउन पोलको व्यवस्था गरेका छन् ।

यो कार्यको सुरूआत उनले कटहरिया नगरपालिका वडा नम्बर ९ डुमरिया टोल बाट गरेका छन् । सो टोलमा उनले ७९ वटा विधुत पोलको व्यवस्था गराएका छन् । साथै उनले २ सय वाटको ट्रन्सफर्मरको पनि व्यवस्था मिलाएका छन् । बारम्बार डुमरिया टोलमा बति आउने जाने समस्या उत्पन्न हुन थालेपछि उनले ट्रान्सफर्मरको पनि व्यवस्थापन गरेका हुन् ।

नगरवासीको माग अनुसार नै उनले कटहरिया नगरपालिकाको नगर क्षेत्र भरि विधुतको पहुँच पुर्याउने उदेश्यले नपा को वडा नम्बर १ देखि ९ सम्म आवश्यक पर्ने विधुत पोलको संख्या त्याहा वडा कार्यालय बाट प्रमाणित गरी सात दिन भित्र नगरपालिकामा पेश गर्न अनुरोध गरेका थिए ।





सोही अनुरूप वडा नम्बर ९ बाट माग भए बमोजिम विधुत पोल उपलब्ध गराएका हुन् । अन्य वडाको माग अनुसार विधुत पोल क्रमशः उपलब्ध गराउँदै जाने मेयर जयसवालले बताएका छन् । नगर प्रमुख जयसवालले भने,' नगर भरिको सबै वडा कार्यालयमा विधुत पोल वितरण सम्बन्धमा पत्र काटेको छौ । माग भए अनुसार उचित संख्यामा पोल उपलब्ध गराईनेछ ।

वर्षौंदेखि विधुत पोलको अभाव कटहरिया नगरवासीलाई थियो । विधुत पोलको माग पहिलाको स्थानीय सरकारको पालामा पनि गरेका थिए । तर पोल व्यवस्थापन हुन सकेको थिएन् । वर्तमान स्थानीय सरकारका नगरप्रमुख अजय प्रकाश जयसवालले सक्रियता देखाइ नगरवासीको आवश्यकता लाई मध्यनजर गरि विधुत पोल व्यवस्था गरेका हुन् । यति संख्यामा विधुत पोल व्यवस्था भएपछि लगभग अधिकांश ठाउँको समस्या समाधान हुने जानकारहरू बताउँछन् । मेयर जयसवालको यो कार्यको नगरवासीले सराहना गरेका छन् ।

# नेपालको राजनीति अस्थिरतातर्फ धकेलिने खतरा : अध्यक्ष लाल

मधेशदृष्टि

जनकपुरधाम,५माघ।तराई-मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष वृषेशचन्द्र लालले नेपालको राजनीति अस्थिरतातर्फ धकेलिने अवस्थामा रहेको बताएका छन् ।

१६औं बलिदान दिवसको अवसरमा तमलोपाले आयोजना गरेको कार्यक्रममा बोल्दै अध्यक्ष लालले यस्तो बताएका हुन् ।

उनले भने, 'मधेसका मुद्दा र आन्दोलन बिथोलिने अवस्थामा त छँदैछ सँगसँगै गणतन्त्र, संघीयता, लोकतन्त्रमाथि खतरा मडारिरहेकोले गणतन्त्र, संघीयता, लोकतन्त्रको रक्षार्थ पुनः संघर्ष गर्नु पर्ने अवस्था आएको छ ।' अध्यक्ष लालले लोकतान्त्रिक शक्तिहरुको एकताको आवश्यकतामाथि जोड दिँदै सत्ता र कुर्सीको मानसिकता त्याग गरी लोकतान्त्रिक शक्तिहरू एक हुनुपर्ने बताए। कार्यक्रममा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले बलिदानी दिवस वास्तवमा प्रेरणाको दिवस रहेको बताए । उनले मधेस आन्दोलनमा देखिएका अवरोह, खडा गरिएका विकृति विरुद्ध खडा भएर परिर्वतनको




वाहक बन्नु पर्ने आवश्यकता रहेको जिकिर गरे । तमलोपा धनुषाका अध्यक्ष धिरेन्द्र सिंहको सभापतित्वमा सम्पन्न शहीद श्रद्धाञ्जली कार्यक्रममा तमलोपाका नेताहरु बिभा ठाकुर, भोलानाथ झा, उमेश मण्डल, जयनाथ नायक, इश्वर पण्डित, जगन्नाथ चौधरी, भागीरथ लाल, जयनन्दन सहनीलगायतकाले श्रद्धाञ्जली मनतव्य राखेका थिए ।

सम्पादकीय

# मुख्यमन्त्री गफ होइन काम गर्नोस

मधेस प्रदेशमा राजनीतिक निर्णयहरुले गति लिएका छन् । मुख्यमन्त्री नियुक्ति, सभामुख, उपसभामुखको मनोनयन तथा मुख्यमन्त्रीले विश्वासको मत लिने काम पनि संम्पन्न भएका छन् । प्रदेश स्तरमा यी कामहरु सम्पन्न भएका भएपनि सबै निर्णयहरु केन्द्रबाट भएका हुन् । औपचारिकता मात्र दिनेकाम प्रदेशसभाले गरेको छ । केन्द्रीय नीति अर्न्तगत मुख्यमन्त्री सरोजको मन्त्रीमण्डल पनि बनेको छ। एक सय सात सदस्य रहेको सभाका १०२ सभासदले मुख्यमन्त्रीलाई विश्वास दिएका छन् ।

मधेसको सरकारमा खास गरेर जसपा, एमाले, माओवादी, जनमत, लोसपा, संघीय समाजवादी, राष्ट्रिय उन्मुक्ति पार्टी संलग्न छन् । यस अर्थमा नेपाली काग्रेस र एकिकृत समाजवादी जो प्रतिपक्षमा बस्ने भन्दैछन् उनीहरुले पनि विश्वासको मत दिएका छन् ।  सबैले विश्वासको मत दिएपछि अविश्वास गर्नेहरु कोही पनि भएनन् । संसदीय लोकतन्त्रमा यस्ता अभ्यास विरलै हुन्छन् । विपक्षी बेञ्चमा बस्छु भन्नेहरुले सत्तालाई मत दिदैंनन् ।

मधेश प्रदेश प्रमुखमा नेपाली कांग्रेसले प्रदेश प्रमुख , सभामुख तथा उपसभामुख पदमा उम्मेदवारी दिएको थियो । चुनावी प्रतिस्पर्धामा उत्रिएको दलले विश्वासको मत दिनुलाई विश्वास होइन अविश्वासकै भाषा भनेर बुझ्नुपर्दछ । संघीय सरकारमा पदीय आकाक्षा सहित विश्वासको मत दिएको कांग्रेसले प्रदेशहरुमा पनि त्यही नीति अख्तियार गरेको छ ।

सदनको सत प्रतिशत मत पाएका मुख्यमन्त्री साच्चिकै शक्तिशाली छन त ? बाहिर देखिएको गणितको जस्तो राजनीतिक वजन उनीसँग छैन भन्न सकिन्छ । मधेशको सबैभन्दा ठूलो दल एमाले हो, दोश्रो कांग्रेस र तेश्रो जसपा हो । प्रदेशसभाका १० दल र स्वतन्त्र समेतको विश्वासको मत पाएका यादव अब सहजै सरकार संचालन गर्न सक्छन् त ? त्यसो सुखद स्थिति देखिदैन उनका सामु । एमालेको लगाममा चल्नुपर्ने भएकोले मधेसका मुख्यमन्त्री चुनौतीकाबीच छन् ।

मुख्यमन्त्री यादवले विश्वासको मत पाएपछि पत्रकार हरुसँगको औपचारिक कुराकानीमा तीन महिना भित्र प्रदेशलाई भष्ट्राचार मुक्त बनाउने प्रतिवद्धता गरेका छन् । भ्रष्टाचार छानवीनका लागि आफूले ५ सदस्यीय छानवीन समिति गठन गरिसकेको बताउँदै मुख्यमन्त्री यादवले सबै दललाई साथमा लिएर आफू अघि बढ्ने कार्ययोजना बनाएर काम गर्ने र सरकारको नीति तथा कार्यक्रम समेत सबै दलसँग छलफल गरेर ल्याउने स्पष्ट गरेका छन् । 'मेरो पहिलो प्राथमिकता भ्रष्टाचारलाई नियन्त्रण गर्ने हो । अब मैले तीन महिना भित्र प्रदेश सरकारका जति कार्यालयहरु छन् । त्यसमा भ्रष्टाचार शुन्य गरिदिन्छु र, सबै दललाई मिलाएर एकसाथ लग्नेछु ।' मुख्यमन्त्रीको तीन महिनामा भष्ट्राचार नियन्त्रण गर्ने घोषणा र सबै दल मिलाएर काम गर्ने योजना दिवास्वप्न जस्तै हुनसक्छन ।  त्यस्ता सपनाको कार्यान्वयन त्यति सहज हुँदैनन् ।

नेपाल भष्ट्रचारको दलदलमा फसेको छ र त्यसबाट मुक्ति पाउँन तीन महिनामा असंभवप्राय छ । कारण, भष्ट्रचारका मुख्य श्रोत सरकारी कर्मचारी हुन् जो प्रदेशको मातहत छैनन् । प्रदेश संरचनमा अहिले सबै भन्दा पेचिलो मुद्धा भनेकै कर्मचारी, प्रहरी समायोजन हो । जसका लागि विगतदेखि प्रयास भएपनि काम हुनसकेका छैनन् ।  यादवले प्रहरी र कर्मचारी समायोजनका लागि सर्वदलीय टोली काठमाडौं जानुपर्ने अवस्था आउनसक्ने बताएका छन् । उनले संघीयतालाई कमजोर हुन नदिने सबै मिलेर मजबुत बनाउने काम गर्ने प्रतिवद्धता समेत जनाएकाछन्  ।संघीयताको कार्यान्वयनमा प्रदेशको सबै भन्दा ठूलो दल एमाले जसको बलमा यादव मुख्यमन्त्री बनेका छन् एमाले, कर्मचारी तथा प्रहरी समायोजनमा त्यत्ति सहयोगी बन्ने देखिन्न । संघीयता कार्यान्वयनका यी मुद्धाहरु खतरामुक्त छैनन् ।


मुख्यमन्त्रीले भावावेशमा आएर धारणा राख्न र प्रतिवद्धता व्यक्त गर्न सुहाउँदैन । लामो राजनीतिक जीवनका आरोह अवरोह भोग्दै आएका, पहिलो मधेशसभामा ५ वर्षसम्म सभामुखको भूमिका निर्वाह गरिसकेका यादवले मुलुकको प्रशासनयन्त्र तथा राजनीतिक नेतृत्वको द्रव्य मोहलाई नजिकबाट चिनेको हुनुपर्दछ ।पदीय जिम्मेवारीमा बसेका मानिसले गफ गर्ने होइन काम गरेर देखाउँने हो ।

आफ्नै दलका शीर्षलाई खुसी राख्न तथा सहयोगीहरुलाई परिचालन गर्न पनि आर्थिक कारोवार गर्नुपर्ने अहिलेको अवस्थालाई यादवले मुख्यमन्त्रीको आसनबाट कसरी सम्बोधन गर्ने हुन् ? प्रतिक्षाको विषय बनेको छ । तीन महिनामा भष्ट्राचार नियन्त्रण भयो भने धैरै राम्रो, हुनसकेन भने मुख्यमन्त्रीले के जवाफ दिने ? सार्वजनिक खपतका निम्ति यस्ता गफ उपयोगी हुनसक्छन् । तर, अहिलेलाई पहिले काम अनि गफ ।

# बलिदानी दिवशको सार्थकता : संघीयता कार्यान्वयन

परिदृश्य

*संघीयता र मधेशवादी आन्दोलनहरुको कटु आलोचक एमालेको सत्ता साँचोमा मधेशवादी दल जसपाका सरोज यादव मुख्यमन्त्री बनेका छन् ।  सरकारले पूर्णता पाएको छैन, सदनको प्रमुखमा एमाले छ । सत्ता प्राप्तीलाई मुख्य उपलब्धी मान्ने कि संघीयता संस्थागत गर्न बाकीँ कार्यादेशलाई प्रमुख जिम्मेवारी ठान्ने ? मुख्यमन्त्री यादव सामुन्ने अहिलेका संगिन प्रश्न यिनै हुन् ।*



**– विश्वमणि पोखरेल**

मधेसमा प्रत्येक माघ ५ मा बलिदानी दिवस मनाइन्छ । पहिलो मधेस आन्दोलन २०६३ जुन अन्तरिम संविधान जलाएपछि सुरु भएको थियो । यहि सिलसिलमा लहानमा भैरहेको आन्दोलनमा माओवादी कार्यकर्ताले चलाएको गोली लागेर स्कुले विद्यार्थी रमेश महतोको मृत्यु भयो । उनी पहिलो सहिद बने । रमेश महतोले बलिदान दिएको संझना स्वरुप बलिदानी दिवस मनाउन थालिएको हो । यो वर्ष पनि मधेस प्रदेशमा सार्वजनिक बिदा दिइएको छ । प्रदेशका विभिन्न स्थानमा बलिदान दिवस सम्बन्धी कार्यक्रम भएका छन् । प्रदेश राजधानी जनकपुरधाममा बलिदानी दिवसमा वृहत कार्यक्रम सम्पन्न भएको छ । केही भावना, समर्पण र औपचारिकतामा अधिकांश दिवसहरु आयोजना गरिन्छन् नेपालमा । मधेशको बलिदानी दिशस पनि यस्तै औपचारिक प्रवृतिबाट ग्रसित हुन थालेको छ ।

पहिलो मधेस आन्दोलनको १६ वर्ष सकिएका छन् । यसबीच दुईवटा संविधानसभा चुनाव, दुईवटा प्रतिनिधिसभा, प्रदेशसभा चुनाव सम्पन्न भएका छन् । दुईवटा स्थानीय तह चुनाव सम्पन्न भएका छन् । मधेसवादी दलहरुका नेताहरु मन्त्री, सांसद, मेयर बनेका छन्, उनीहरुको नेतृत्वमा सरकार बनेका छन्। मुलुक संघीय गणतन्त्र कहलिएको छ । मधेस आन्दोलनको उपलब्धी हो, संघीयता । त्यो प्राप्त भएको छ । मुलुक सातवटा प्रदेशमा बाँडिएको भएपनि मधेस प्रदेश मात्र एउटा त्यस्तो प्रदेश हो जहाँ केहीहदसम्म संघीयता संवोधन भएको छ । तर, पनि तीनतीनवटा मधेस आन्दोलन, बलिदान  र समर्पणको उपलब्धी यतिमात्र हो त भन्नेहरु धेरै छन् । उपलब्धी भन्दा खास गरेर राजनीतिक नेतृत्व प्रति आलोचनाका स्वरहरु बाक्लै सुनिन्छन् ।

आन्दोलनका मागको तुलनामा उपलब्धी न्यून छन् ।  के देखिदैंछ भने जति पाइएको छ त्यत्तिमै चित्त बुझाइएको छ । राजनीतिक नेतृत्वको कार्यशैली, मधेसवादी दलमा भएका टुट्फुट र सत्ता लिप्साकै कारण जनतामा कुनै उत्साह देखिन्न । जनताले राम्रो काम गरेको भन्दै दलहरुलाई धन्यवाद र पुरस्कृत गरिरहेका छैनन् ।बरु नीरन्तर कारवाहीका डण्डा चलाएका छन् । पहिलो संविधानसभा देखि दोश्रो आम निर्वाचनका परिणामहरुले स्पष्ट गर्दैछन् मधेसवादी दलहरु प्रति जनताको स्वीकार्यता धुमिल हुदैं गएको छ । किन ? जनताले जुन मागहरुमा समर्थन गरेका थिए, नेताहरुले तीनै प्रमुख मागहरु छोड्दै गएका छन् ।

जनताले सुशासनको अपेक्षा गरेका थिए, त्यो प्राप्त भएन । समावेसीता मधेश आन्दोलनको प्रमुख माग मध्येको थियो, तर त्यसमा पनि डाडुपुन्युँ चलाउनेहरुले नातागोता र आफ्नाहरुलाई अवसर दिइयो । आमआदमीले आन्दोलनका प्राप्त उपलब्धीहरुको रसस्वादन गर्न पाएनन् । एक किसिमको असन्तुष्ठी छाएको छ नागरिकमा हामीले के पायौं भन्ने अनुत्तरी प्रश्नहरुबाट ग्रसित छन् उनीहरु ।

पहिलो मधेस आन्दोलनका माग थिए, मेचीकाली मधेस एउटा प्रदेश । मधेसको यो मागमा थारुहरुले विरोध जनाएपछि मधेसवादी र थारुहरुको मोर्चाबन्दी बन्यो र मधेसमा दुइटा प्रदेशको माग गरियो, त्यो पनि प्राप्त भएन । केन्द्रीयतावादी नेताहरुको 'अखण्ड सिन्ड्रोम'को दुष्चक्रमा मुलुकको संघीयता फस्यो । मधेसले थोरै केही पायो, थारुले केही पाएनन् । संघीयता माग्ने अन्यहरु चुप बसे । मुलकलाई संघीय गणतन्त्र भनिन्छ, स्वरुपमा संघीयता छ,  सारमा संघीयता छैन । संघीयताको मर्म र भावनामा प्रहार गरिएको छ र  नेताहरुको केन्द्रीकृत मानसिकतामा मुलुकलाई सात चिरा लगाइएको छ । त्यसैलाई संघीयता भनिदैंछ । के देखिदैंछ भने जसले संघीयता मागेका थिए उनीहरुनै थाकेका छन् यतिखेर र  कार्यन्वयन नहुदैं संघीयताको आवश्यकता र औचित्यबारे प्रश्न उठ्न थालेका छन् । संघीयता पहिचानको राजनीतिक मागको सम्बोधन हो ।तर, यसमाथी आर्थिक खर्च र शासकीय केन्द्रीयताको आधारमा प्रश्न उठिरहेको छ । विरोध गर्नेहरुले गलत अर्थमा विरोध गर्दैछन्, समर्थन गर्नेहरु मौन देखिन्छन्, कुनै वजनदार प्रतिक्रिया आइरहेको छैन कतैबाट पनि । बरु संघीयतामाथी धावा बोल्नेहरुसँग सहकार्यको सत्ता रमाइलो देखिदैंछ । यस्ता अभ्यासले कस्तो परिणाम दिने हो, आँकलन गरिएको छैन ।

पहिलो, दोश्रो र तेश्रो तीनवटै मधेस आन्दोलनका प्रमुख मागमा जनसंख्याको आधारमा प्रतिनिधित्व हुनुपर्दछ भन्ने पनि हो ।  त्यो पनि प्राप्त भएन, त्यत्तिकै छोडियो । मधेसको जनसंख्याको आधारमा अहिले प्राप्त ३२ सिट निकै कम हो । तर, जोडदार प्रश्न खै ? संघीयतामा जिल्लागत संरचना आफैमा मिल्ने कुरा होइन । संघीयतामा तीनवटा सरकारको परिकल्पना छ –संघीय, प्रदेश र स्थानीय तह । तर, व्यवहारमा के देखिदैंछ ? प्रमुख जिल्ला अधिकारीहरुको एककिसिमको हैकदवादी बढेको छ, जिल्ला जिल्लामा । लामो समय केन्द्रीकृत राज्यप्रणालीमा चलेको मुलुक भएकोले हुनसक्छ यी सबै कुरा स्वभाविक जस्तै लाग्दैछन् ।

जनकपुरको प्रहरी प्रशासन काठमाडौंबाट निर्देशित भैरहेको छ । मुख्यमन्त्री सचिवालयको कर्मचारी काठमाडौंकै तालुकवाला मन्त्रालयको अरनखट्नबाट काम गरिरहेको हुन्छ । उनीहरुको वफादारी मन्त्रालयहरु प्रति हुन्छ । संघीयता भनेको यस्तो शासन हुँदै होइन ।

मधेस आन्दोलनहरुमा उठेका मागहरु शासनमा समानुपातिक सहभागिता हो । समुहगत सहभागिता हुनपर्दछ भन्दै संझौता भएका हुन विगतमा । तर, खैं त त्यस अनुरुप कार्यान्वयन ।

आन्दोलनहरुलाई पछाडि फर्किएर समीक्षा गर्दा के देखिन्छ भने तीनवटै मधेस आन्दोलनहरुमा जनताले राम्रो साथ दिएका छन् । जनताको समर्पण, बलिदानीको इतिहास छ । तर जनताको योगदानको मूल्यमा नेतृत्वले काम गर्न सकेनन् । उनीहरु संझौता परस्त र सत्तालिप्सा मानसिकताबाट प्रभावित बनेको देखिन्छ ।नेतृत्वले आफैले अघि सारेका मागहरु पुरा नहुँदै वा पुरा गर्ने आश्वासनका भरमा छोड्दै संझौता गरेको घटनाक्रमले स्पष्ट गर्दछन् ।

> के देखिदैंछ भने जसले संघीयता मागेका थिए उनीहरुनै थाकेका छन् यतिखेर र  कार्यन्वयन नहुदैं संघीयताको आवश्यकता र औचित्यबारे प्रश्न उठ्न थालेका छन् । संघीयता पहिचानको राजनीतिक मागको सम्बोधन हो । तर, यसमाथी आर्थिक खर्च र शासकीय केन्द्रीयताको आधारमा प्रश्न उठिरहेको छ । विरोध गर्नेहरुले गलत अर्थमा विरोध गर्दैछन्, समर्थन गर्नेहरु मौन देखिन्छन्, कुनै वजनदार प्रतिक्रिया आइरहेको छैन कतैबाट पनि। बरु संघीयतामाथी धावा बोल्नेहरुसँग सहकार्यको सत्ता रमाइलो देखिदैंछ । यस्ता अभ्यासले कस्तो परिणाम दिने हो, आँकलन गरिएको छैन ।

पहिलो मधेस आन्दोलन २०६३ माघमा घनिभूत भएको र यहि आन्दोलन चैतसम्म ७ सम्म आइपुग्दा गौरमा मधेसी जनाधिकार फोरम र माओवादीबीच भिडन्त पछि बिथोलियो । प्रकारान्तले माघदेखीनै माओवादी विरुद्ध जस्तै देखिएको मधेस आन्दोलन गौरमा २७ जना माओवादीका लडाकुको हत्यापछि अवरुद्ध भएको हो । गौर घटना अघिनै तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सम्बोधन गरेर आन्दोलन शिथिल बनाइसकेका थिए । गौर घटना पछि मधेस आन्दोलनका कमाण्डर उपेन्द्र यादव केही महिना 'भूमिगत' हुनुपर्ने वाध्यता आइपर्यो र अन्त्यमा २०६४ भदौ १३ गते २२ बुँदै संझौता भयो जनकपुरमा । तत्कालिन शान्तिमन्त्री रामचन्द्र पौडेल र फोरम अध्यक्ष यादवले हस्ताक्षर गरेको संझौताका २२ बुँदा कार्यान्वयन भएन भन्दै फोरम, नयाँ खुलेको मधेसवादी दल तमलोपा र सदभावना पार्टीको संयुक्त आन्दोलन सुरु गरे त्यसै वर्षको हिउँदमा । मधेसका जनताले फेरी पनि सहयोग गरे, समर्पित गरे र बलिदानी दिए । २०६४ माघ १६ गते भारतीय राजदूतावासको सक्रियतामा सरकार र मधेसवादीबीच ८ बुंदे संझौता भयो । संझौतामा 'नेपालमा मधेसी जनताले आफ्नो अधिकारका लागि समय समयमा गर्दे आएको सघर्ष र आन्दोलनको क्रममा व्यक्त जनभावना एवं आकाक्षालाई सम्मान गर्दे मुलुकका सम्पूर्ण जनतालाई समानता, स्वतन्त्रता र न्यायको प्रत्याभूति गराउनका साथै सबै प्रकारका विभेदलाई अन्त्य गर्दे, नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य, बहुदलिय लोकतान्त्रिक शासन प्रणाली सुनिश्चित गर्नका लागि नेपाल सरकार तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच तत्काल लागु हुनेगरी यो संझौता गरिएको छ' भनिएको छ । यहि संझौता सरकारसँगको औपचारिक सबैभन्दा बलियो संझौता हो । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, तमलोपा अध्यक्ष महन्थ ठाकुर र सदभावना अध्यक्ष राजेन्द्र महतोले हस्ताक्षर गरेको संझौताको छैठौं बुँदामा सोही वर्षको चैत २८ गते गर्ने घोषणा भएको पहिलो संविधानसभा चुनाव सुनिश्चित गर्नु थियो । यही संझौतामा नेपाल संघीय लोकतान्त्रिक गणराज्य हुने भन्ने पनि संझौताको प्रस्तावनामै स्पष्ट लेखियो ।

> जनकपुरको प्रहरी प्रशासन काठमाडौंबाट निर्देशित भैरहेको छ । मुख्यमन्त्री सचिवालयको कर्मचारी काठमाडौंकै तालुकवाला मन्त्रालयको अरनखट्नबाट काम गरिरहेको हुन्छ । उनीहरुको वफादारी मन्त्रालयहरु प्रति हुन्छ । संघीयता भनेको यस्तो शासन हुँदै होइन ।

पहिलो संविधानसभा निर्वाचनमा मधेसवादी दलले  भाग लिए, आन्दोलनको मोर्चाबन्दी चुनावमा कायम भएन । पहिलो संविधानसभाले संविधान बनाउन सकेन । त्यो त्यत्तिकै विघटन भयो । तर मधेसवादी दलहरु फुट्नेक्रम भने त्यसैबेलादेखी प्रारम्भ भएको हो । दोश्रो संविधानसभाबाट संविधान बनाउने क्रममा मधेसवादी दलले बहिस्कारको नीति लिए । मधेसवादी दल आन्दोलनमा होमिए, नाकाबन्दी लगायतका विरोधका कार्यक्रम ६ महिनासम्म चल्यो तर कुनै उल्लेख्य औपचारिक संझौता भएनन् । आन्दोलनले आपसेआप विश्राम लियो । एक किसिमले त्यत्तिकै तुह्यो तेश्रो आन्दोलन ।

पहिलो आम निर्वाचनमा मधेशवादीले फेरी पनि मोर्चाबन्दी गरे । जनताले विश्वास वर्षाए । उनीहरुकै सरकार बन्यो, उनीहरुकै सदनमा बहुमत रह्यो ।पहिलो संसदको पछिल्लो कार्यकालमा फेरी मोर्चाबन्दीमा टुटफूट भयो, मधेशवादी दल काग्रेस, एमाले समाजवादी, माओवादीको आडभरोसमा चल्नुपर्ने अवस्थामा पुगे । मधेश प्रदेश नामाकरण, प्रदेश राजधानी तोक्ने बाहेकका संघीयतालाई संस्थागत गर्ने केही प्रयास मधेस सरकार र सभाबाट भएका हुन । तर पनि संघीयता संस्थागत गर्ने कानून बनेको छैन, संघीय कर्मचारी, प्रहरी संरचनाबारे काठमाडौं लचिलो देखिदैं ।

दोश्रो आम निर्वाचन परिणामले मधेशवादीलाई सत्तासिन हुन भनेको होइन।तरपनि जसपाले सत्ताको नेतृत्व लिएको छ । संघीयता र मधेशवादी आन्दोलनहरुको कटु आलोचक एमालेको सत्ता साँचोमा मधेशवादी दल जसपाका सरोज यादव मुख्यमन्त्री बनेका छन ।  सरकारले पूर्णता पाएको छैन, सदनको प्रमुखमा एमाले छ ।सत्ता प्राप्तीलाई मुख्य उपलब्धी मान्ने कि संघीयता संस्थागत गर्न बाकीँ कार्यादेशलाई प्रमुख जिम्मेवारी ठान्ने ? मुख्यमन्त्री यादव सामुन्ने अहिलेका संगिन प्रश्न यिनै हुन् ।

संघीयताको अपनत्व  मधेशवादी दलले लिन सकेनन् भने यसलाई एमाले लगायतका दलले जोगाउने होइनन् । अहिलेको केन्द्रीय सत्ताका सहभागिहरु अधिकांश केन्द्रीयतावादी छन् । त्यो रोग मधेसमा नसरोस । संघीयताको मूल्यमा सरकार छोडेर सडक आन्दोलन रोज्न सक्नुपर्दछ । जनताले फेरी पनि साथ दिनेछन् । संघीयता कमजोर भयो भने बलिदानी दिवशको सार्थकता पनि रहदैन, मधेसवादी होसियार !

# मकर जितुमाया सुरी हाइड्रोपावरको आइपिओ आउँदै




काठमाडौं, ५ माघ

मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडले साधारण शेयर निष्काशन तथा बिक्री खुला गर्ने भएको छ। कम्पनीले यही माघ १५ गतेदेखि आयोजनाबाट पीडित क्षेत्रका बासिन्दा तथा वैदेशिकरोजगारीमारहेकानेपालीका लागि प्राथमिक सार्वजनिक निष्काशन (आइपिओ)को बिक्री खुला गर्ने भएको हो।

कम्पनीले आफ्नो जारी पुँजी रु ७६ करोडको १० प्रतिशत अर्थात् सात करोड ६० लाख बराबरको प्रतिशेयर रु एक सय दरका सात लाख ६० हजार कित्ता शेयर आयोजनाबाट पीडित दोलखाका बासिन्दाका लागि निष्काशन गर्न लागेको हो। अति पीडित क्षेत्र दोलखाको गौरीशङ्कर गाउँपालिका-५ र ६ का बासिन्दामा तीन लाख चार हजार कित्ता र पीडित क्षेत्र गौरीशङ्कर गाउँपालिका-१, २, ३, ४, ७, ८ र ९ का बासिन्दाका लागि तीन लाख ४२ हजार कित्ता शेयर छुट्याइएको छ। त्यस्तै सामान्य पीडित क्षेत्र दोलखाकै विगु गाउँपालिकाका सम्पूर्ण वडाका बासिन्दामा एक लाख १४ हजार कित्ता शेयर बाँडफाँट गरिने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ। त्यस्तै सर्वसाधारण लगानीकर्ताका लागि छुट्याइएको शेयरको १० प्रतिशतले हुने एक करोड ५२ लाख बराबरको रु एक सय दरको एक लाख ५२ हजार कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपालीका लागि निष्काशन गरिने कम्पनीले जनाएको छ।

स्थानीय लगानीकर्ताले शेयर खरिदका लागि न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्। तीमध्ये आयोजनाबाट पीडित क्षेत्रका बासिन्दाका लागि निष्काशन बन्द छिटोमा यही माघ २९ गतेसम्म हुनेछ भने ढिलोमा आगामी फागुन १५ सम्म हुने कम्पनीले जनाएको छ। वैदेशिक रोजगारीमा रहेका नेपालीले भने अधिकतम ५० हजार कित्ताका लागि माघ २९ गतेभित्र आवेदन दिनुपर्नेछ।

स्थानीय बासिन्दाले आयोजनास्थलमा रहेको कम्पनीको कार्यालय, प्रभु बैंक, सेञ्चुरी बैंक र लक्ष्मी बैंकले तोकेका शाखा कार्यालय र प्रभु क्यापिटलको कार्यालय तथा क्यापिटलले निर्माण गरेको अनलाइन प्रणालीबाट आवेदन दिन सक्नेछन्।

त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपालीले आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालय र अनलाइनबाट 'मेरो शेयर'मार्फत आवेदन दिन सक्ने कम्पनीले जनाएको छ।

कम्पनीको शेयर निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेड रहेको छ। कम्पनीलाई केयर नेपालले 'केयर एनपी बीबी इस्युअर' रेटिङ प्रदान गरेको छ। कम्पनीले दोलखाको गौरीशङ्कर गाउँपालिकास्थित सुरी खोलामा ६ दशमलव चार मेगावाट क्षमताको सुरी खोला जलविद्युत आयोजना निर्माण गरी उत्पादन सुरु गरिसकेको छ भने सोही गाउँपालिकामा सात मेगावाटको माथिल्लो सुरी खोला जलविद्युत् आयोजना निर्माण गरिरहेको छ। रासस

# चालु खर्च घटाउने अर्थमन्त्रालयको योजना



काठमाडौं, ५ माघ

सरकारले चालु आर्थिक वर्षमा चालु खर्च घटाउनका लागि विभिन्न योजना अगाडि सारेको छ। 'चालु खर्च घटाउने सम्बन्धी मापदण्ड, २०७९' जारी गर्दै अर्थमन्त्रालयले केही बुँदा सार्वजनिक गरेको छ। चालु आवको बजेट वक्तव्यको बुँदा नं ३७९ मा सरकारी निकायको चालु प्रकृतिका प्रशासनिक खर्च न्यूनतम १५ प्रतिशतले घटाउने गरी बजेट कार्यान्वयन गरिनेछ भन्ने उल्लेख भएअनुसार उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलले उक्त मापदण्ड अगाडि सारेका छन्।

अर्थ मन्त्रालयको मापदण्डानुसार अति आवश्यक बाहेकका स्वदेश तथा विदेशका भ्रमणलाई निरुत्साहित गरिनेछ। यस्तै, दुई पाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधनको सर्भिसिङ गर्दा आवश्यक भएमा मात्र मोबिल तथा लुब्रिकेन्ट फेरिनेछ।

अति आवश्यकदेखि बाहेक थोरै र पटके रूपमा प्रयोग हुने सामान स्टक नराख्ने, मन्त्रालयले नियमितरूपमाछाप्नेबजेटसम्बन्धी पुस्तक वा अन्य पुस्तकहरू कम गरी वेबसाइटमा राखिने भएको छ।

यस्तै, खर्च घटाउनका लागि अति आवश्यक बाहेकका सेमिनार, तालिम गोष्ठी नगर्ने, गर्नै पर्ने भए मन्त्रालयको कार्यकक्ष वा सरकारी निकायका भवनहरू प्रयोग गरिनेछ।

स्वीकृत कार्यक्रमहरू पुनरावलोकन गरी नगर्दा पनि हुने कार्यक्रम हाललाई स्थगित गर्ने, बजेट निर्माणको समयमा अतिरिक्त समयमा काम गरे बापत दिईंदै आएको सुविधा नदिने, यदि दिनै पर्ने भए ५० प्रतिशत मात्र दिने व्यवस्था गरिएको छ।

अति आवश्यक विना एसी, हिटर र पंखाको प्रयोग नगर्ने, बोतलको पानीलाई निरुत्साहित गर्ने, कार्यालयमा प्रयोग हुने टोनर र कार्टेजलाई मिलेसम्म रिफिल गर्ने, स्वीकृत दरबन्दी र कार्यक्रममा समावेश भएको भन्दा बाहेक करार तथा ज्यालादारीमा कामकाज नलगाउने र बैठकहरू कार्यालय समयभित्र मिलाउने व्यवस्था मापदण्डमा गरिएको छ। यसबाट सकारात्मक सुरुआत हुने मन्त्रालयले अपेक्षा गरेको छ।रासस

# नेप्से परिसूचकमा झिनो अंकको वृद्धि



काठमाडौं, ५ माघ

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार झिनो अङ्कले उकालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक पाँच दशमलव ७१ अङ्कले उकालो लागेर दुई हजार एक सय ७८ दशमलव ८१ मा पुगेको छ।

शुक्रबारको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक एक दशमलव १५ अङ्कले उकालो लागेर चार सय १५ दशमलव शून्य पाँचमा पुगेको छ।

कारोबार भएकामध्ये ८५ कम्पनीको शेयर मूल्य वृद्धि हुँदा एक सय आठ कम्पनीको शेयर मूल्य घटेको छ भने कूल १४ कम्पनीको शेयर मूल्य स्थिर छ। शुक्रबारको कारोबारमा विभिन्न कम्पनीका कूल ८२ लाख ४७ हजार छ सय ४६ कित्ता शेयर रू तीन अर्ब चार करोड ४५ लाख २९ हजार तीन सय २९ मूल्यमा कारोबार भएको छ। शुक्रबारको कारोबारपछि बजार पुँजीकरण रु ३१ खर्ब ४५ अर्ब ६३ करोड ५२ लाख १२ हजार दुई सय ३३ पुगेको छ। कारोबार रकमका आधारमा एनआइसी एशिया बैंक शीर्ष स्थानमा छ। बैंकको रू १८ करोड चार लाख ४४ हजार छ सय ५३ बराबरको शेयर कारोबार भयो। यस्तै, रिडी पावर रू १२ करोड ३२ लाख २७ हजार आठ सय ६८, पिपल्स पावर रू १० करोड ४० लाख ५८ हजार पाँच सय दुई, अपि पावर कम्पनी रू नौ करोड ४५ लाख ७५ हजार एक सय ५२ र नेपाल लाइफ इन्स्योरेन्सको रू आठ करोड ८२ लाख १२ हजार सात सय बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार आर्दश लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। मैलुङ खोला जलविद्युत् कम्पनी नौ दशमलव ५४, नेपाल पूर्वाधार बैंक सात दशमलव २०, ग्रीन भेन्चर्स छ दशमलव ७१ र श्वेतगङ्गा हाइड्रोपावरका लगानीकर्ताले छ दशमलव १० प्रतिशतले कमाएका छन्।

त्यस्तै, कुमारी धनवृद्धि योजना आठ दशमलव ८९, लक्ष्मी लघुवित्त पाँच दशमलव ४४, सिटिजन म्युचुअल फण्ड तीन दशमलव ८०, ग्लोबल आइएमई लघुवित्त तीन दशमलव ७७ र स्वाभिमान लघुवित्त कम्पनीको शेयर मूल्य तीन दशमलव ७२ प्रतिशतले घटेको छ।रासस


## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रभावित भएको छ। त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं।

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झ्याल ढोका बन्द गरेर कहिल्यै नसुतौं।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं।

क्षिरेश्वरनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश


# सवारी नियम उल्लंघन गर्नेको लाइसेन्स निलम्बनका लागि सिफारिस



काठमाडौं, ५ माघ

उपत्यका ट्राफिक प्रहरी कार्यालयले सवारी सञ्चालनमा पाँच पटकभन्दा बढी ट्राफिक नियम उल्लङ्घन गर्ने ८६ जनाको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) निलम्बनका लागि यातायात व्यवस्था विभागमा पठाएको छ।

सवारी चालकले पालना गर्नुपर्ने सर्त तथा नियम पटक-पटक उल्लङ्घन गरेकाले नियमको कडाइका लागि उपत्यका ट्राफिक प्रहरी कार्यालयले अनुमतिपत्र निलम्बनको सिफारिस गरेको हो। उपत्यका ट्राफिक प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक तथा प्रवक्ता राजेन्द्रप्रसाद भट्टेलसवारी तथा यातायात व्यवस्था ऐन २०४९ र नियमावली २०५४ बमोजिम चालकले पालना गर्नुपर्ने सर्त तथा नियम पाँच पटकभन्दा बढी उल्लङ्घन गरेको पाइएकाले सोही ऐनको दफा ६० बमोजिमको कसुर अन्तर्गत लाइसेन्स निलम्बनका लागि यातायात व्यवस्था विभाग पठाएको जानकारी दिए। उनका अनुसार पाँच पटकभन्दा बढीनियम उल्लङ्घन गर्नेको लाइसेन्स निलम्बन हुन्छ।उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार निलम्बनका लागि पठाइएका सवारी चालक अनुमतिपत्रमध्ये एक जना २९ पटक, एक जना २६ पटक, एक जना २४ पटक, एक जना २३ पटक, दुई जना १८ पटक, एक जना १७ पटक, दुई जना १६ पटक, दुई जना १५ पटक कारबाहीमा परेका छन्।

यसैगरी दुई जना १३ पटक, तीन जना १४ पटक, चार जना १२ पटक, सात जना १० पटक, आठ जना ११ पटक, नौ जना नौ पटक, ११ जना आठ पटक, १३ जना छ पटक र १८ जना सात पटक ट्राफिक प्रहरीको कारबाहीमा परेका बताइएको छ। ट्राफिक नियम उल्लङ्घन गरिरहने चालकबाट नै धेरैजसो सवारी दुर्घटना हुने गरेकाले नियम पालना गर्दै सुरक्षित यात्राको होस् भन्ने उद्देश्यले लाइसेन्स निलम्बनका लागि यातायात व्यवस्था विभाग पठाइएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।रासस

# आलु खेतीको क्षेत्रफल बढ्यो

बनियानी, ५ माघ

झापामा यसवर्ष आलु खेतीको क्षेत्रफल बढेको छ। जिल्लामा गत वर्षको तुलनामा यसवर्ष आलु खेतीको क्षेत्रफल २०५ हेक्टर बढेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टले जानकारी दिए। गतवर्ष जिल्लामा १५ हजार सात सय ८० हेक्टर क्षेत्रफलमा आलु खेती गरिएकामा यसवर्ष १५ हजार नौ सय ८५ हेक्टरमा सो खेती गरिएको छ। गतवर्ष जिल्लामा दुई लाख ५७ हजार दुई सय २४ टन आलु उत्पादन भएको थियो। जिल्लामा कार्डिनल, जनकदेव, कुफ्रीलगायत जातका आलुको खेती बढी हुने गरेको उनको भनाइ छ। क्षेत्रफलसँगै यसवर्ष आलु उत्पादन बढ्ने प्रारम्भिक अनुमान छ। जिल्लाका स्थानीय तहले आलु खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेकाले आलु खेती विस्तार हुँदै गएको हो। जिल्लाको बुद्धशान्ति , कमल , गौरीगञ्ज गाउँपालिका सहित अर्जुनधारा र बिर्तामोड नगरपालिकालगायतका पालिकाले आलु खेतीका लागि प्रवर्द्धनात्मक कार्यक्रम गरिरहेका छन्। बिर्तामोडले विगत तीन वर्षयता आलु खेतीलाई प्रवर्द्धन गर्दै आएको छ। किसानलाई आलुको बीउ, आवश्यक औषधि, परामर्श प्रदान गर्दै आएको बिर्तामोड नगरपालिकाका कृषि शाखाका प्रमुख राजेन्द्र कडरियाले बताए।

नगरपालिका र किसानको आधा-आधा लागत सहभागितामा यसवर्ष ३८ टन आलुको बीउ वितरण गरिएको प्रमुख कडरियाले जानकारी दिए। प्रतिकठ्ठा ३० केजीका दरले ३३ वटा समूहलाई आलुको बीउ वितरण गरिएको उनले बताए। बिर्तामोड-६, ७, ८, ९, १० र २ नम्बर वडाका किसानलाई आलुको बीउसँगै दुई पटक रोप्ने बेलामा र उम्रिसकेपछि आवश्यक औषधिसमेत प्रदान गरिएको छ। किसानलाई लालगुलाब, कार्डिनल र एमएस जातका आलुको बीउ वितरण गरिएको छ। आलु खेती प्रवर्द्धन गरिएको पहिलो वर्ष प्रतिकठ्ठा १३-१४ मन, दोस्रो वर्ष ८-९ आलु उत्पादन नभएको थियो। यसवर्ष मौसम राम्रो हुनुका साथै रोगकीरा नदेखिएकाले १०-१२ मन प्रतिकठ्ठा आलु उत्पादन हुने आँकलन गरिएको कृषि शाखा प्रमुख कडरियाले बताए।

जिल्लामा आलु प्रवर्द्धन कार्यक्रम सञ्चालन भइहे पनि आलु आयात बढेको छ। पूर्वी नाका काँकरभिट्टाबाट चालु आर्थिक वर्षको हालसम्म एक करोड ३४ लाख ५५ हजार चार सय ५५ केजी आलु आयात भएको मेची भन्सार कार्यालय काँकरभिट्टाका सूचना प्रविधि शाखाका कर्मचारी अरुण शाहले जानकारी दिए। रासस

# वैद्यखानाका कर्मचारीले तीन महिनादेखि पाएनन् तलब




काठमाडौं, ५ माघ

सिंहदरबार वैद्यखाना विकास समितिका कर्मचारीले तीन महिनादेखि तलब नपाएको गुनासो गरेका छन्।

तलब नपाउँदा कोठा भाडा तिर्न, बिहान बेलुका हातमुख जोर्न र बालबालिकाको विद्यालय शुल्क तिर्नसमेत समस्या भएको कर्मचारीहरुको गुनासो छ। समितिका स्वीपर सानुबहादुर पोडेलले रु ४५ हजारमा किनेको टेलिभिजन रु २० हजारमा बेचेर कोठा भाडा तिरेको बताए। तीन महिनादेखि तलब नपाउँदा समितिका कविराज वैद्यका रुपमा कार्यरत आदित्य ठाकुरलाई पनि घर खर्च चलाउन मुस्किल भएको छ। समितिले क्षमताअनुसार औषधि उत्पादन गर्न नसक्दा समस्या हुन थालेको छ। समितिमा लामो समयदेखि कार्यालय प्रमुखका लागि विवाद हुँदै आएको छ। समिति गठन आदेशमा आयुर्वेद समूहको ११औं तहको कर्मचारीलाई कार्यकारी निर्देशक बनाउने व्यवस्था भए पनि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले १० औं तहका कर्मचारीलाई निमित्त बनाएर पठाउन थालेपछि लामो समयदेखि कार्यालयमा विवाद हुँदै आएको छ। समितिका निमित्त कार्यकारी निर्देशक डा रामदेव यादवले उत्पादन नभएका कारण पैसा नभएर कर्मचारीलाई तलब खुवाउन नसकेको जानकारी दिए। गत असोज १४ गते निमित्त कार्यालय प्रमुख भएर आएका उनले एक महिनाको तलब र पोशाक भत्ता उपलब्ध गराएको बताए। असोजअघि पनि समितिका कर्मचारीले तीन महिनाको तलब एकैपटक पाएका थिए। त्यसबेला डा श्यामबाबु यादव निमित्त कार्यालय प्रमुख भएर आएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहयोगमा कर्मचारीलाई तलब उपलब्ध गराइएको थियो। निर्वाचन आचारसंहिता जारी भइरहेका बेला निमित्त कार्यालय प्रमुख नियुक्त भएर आएको भन्दै समितिका अधिकांश कर्मचारीले यादवलाई स्वीकारेका छैनन्। निर्वाचन आयोगले मन्त्रालयसँगै आचारसंहिता जारी भएका कारण भएको नियुक्ति खारेज गर्न आदेश दिए पनि कार्यान्वयन भएको छैन।रासस

# नेपालगञ्ज भन्सारको राजस्व असुली घट्दै

नेपालगञ्ज,५ माघ। एक वर्षदेखि ओरालो लागेको नेपालगञ्ज भन्सारको राजस्व असुली यस वर्षको पुस मसान्तसम्म कायमै छ। आर्थिक वर्ष २०७८/७९ को साउन र असोजमा मात्र लक्ष्य प्राप्त गरेको नेपालगञ्ज भन्सार कार्यालयले त्यसपछि आफ्नो निर्धारित लक्ष्य भेटाउन सकेको छैन। भन्सार राजस्व असुलीमा गत वर्ष साउनमा १३१ दशमलव ४८ प्रतिशत लक्ष्य रहेकामा भन्सारले चालु आर्थिक वर्षको साउनमा लक्ष्यको ७५ दशमलव ७१ प्रतिशत मात्रै असुली गर्न सफल भएको छ। सो कार्यालयको भन्सार राजस्व असुली चालु आर्थिक वर्षमा लक्ष्यभन्दा कम देखिएको छ। चालु आव २०७९/८० को साउनमा रु एक अर्ब ७८ करोड पाँच लाख लक्ष्य पाएको भन्सारले जम्मा रु एक अर्ब ३५ करोड चार लाख र भदौमा रु दुई अर्ब २३ करोड ३६ लाख लक्ष्य पाएकामा रु एक अर्ब ४३ करोड ४९ लाख राजस्व असुली गरेको भन्सार अधिृत तथा सूचना अधिकारी डिल्लीप्रसाद शर्माले जानकारी दिनुभयो। यो लक्ष्यको ६४ दशमलव २५ प्रतिशत हो। चालु आवको असोजमा भन्सार असुली घटेर लक्ष्यको ५५ प्रतिशतभन्दा कममा झरेको छ। भन्सार कार्यालयको तथ्याङ्कअनुसार, असोजमा रु दुई अर्ब ३४ करोड १९ लाख राजस्व असुलीको लक्ष्य राखिएकामा रु एक अर्ब २८ करोड ४८ लाख (५४ दशमलव ८७ प्रतिशत) मात्रै राजस्व असुली भएको छ। रासस

## मधेश आन्दोलनको ......

अवसानको अवस्थामा पुगिसकेको छ । पहिलो संविधान सभामा देशकै चौथो दल बन्न सफल भएका तात्कालिन मधेशी जनअधिकार फोरम नेपाल अहिले २०७९ मा मात्र ९ सिटमा सिटमा सिमित हुन गएको छ भने लोसपा ४ वटामा सिमित हुन गएको छ।

माघ ५ गतेको घटनाले सिर्जना गरेको मधेस आन्दोलनको प्रमुख उपलब्धी नै नेपाललाई संघीय मुलुकमा रुपान्तरण गर्नु हो । बितेको १६ वर्षमा मधेस र देशले माघ ५ को जगमा धेरै कुरा पाएको छ भने मधेश केन्द्रित दल पटक पटक सत्तामा पुग्ने अवसर पनि पाएको छ। तर मधेशका मूल एजेण्डा अहिलेपनि ज्यूँका त्यूँ नै छ।

माघ ५ लाई मधेसीहरुले मधेस बलिदानी दिवसका रुपमा मनाउँदै मधेस विद्रोहको सम्झना गर्ने गरेका छन्। २१ दिनसम्म चलेको मधेस विद्रोहमा ५४ जना सहीद भए। जसको परिणाम तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दुई पटक जनताको नाममा सम्बोधन गरियो । प्रदर्शन रोकिएको महिनौंपछि सरकारले उपेन्द्र यादव नेतृत्वको तत्कालिन फोरमसँग २२ बुँदे सम्झौता गर्यो।

नेपाल सद्भावना पार्टी, मधेशी जनअधिकार फोरम र तत्कालै गठन भएको तराई मधेस लोकतान्त्रिक पार्टीको नेतृत्वमा दोस्रो मधेस आन्दोलन पनि सुरु भयो। दोस्रो संविधान सभाबाट संविधान जारी गर्न लाग्दा तेस्रो मधेस आन्दोलन भयो।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको नेतृत्वमा तयारीका साथ तेस्रो मधेस आन्दोलन भएको थियो । प्रदर्शनकारीहरु ठूलो संख्यामा मारिन थालेपछि प्रदर्शनकारीहरु 'नो म्यानस ल्याण्ड' अर्थात् नेपाल-भारतको सीमा क्षेत्रमा बसेर नाका अवरुद्ध गरे । यसलाई भारतीय नाकाबन्दीका रुपमा पनि चिनिन्छ । विभिन्न चरणमा गरी मधेश आन्दोलनको क्रममा ११७ जनाले ज्यान गुमाए । जसमा ५४ मधेश प्रदेशका रहेका छन्।

### पुरा भएन् आन्दोलनको मुद्दा

मधेशी जनताले आन्दोलनको डेढ दशकको अवधिमा भौगोलिक रुपमा खुम्चिएपनि प्रदेशको नाम मधेश र राजधानी जनकपुरधाम पायो। मधेश केन्द्रित दलहरुले पटक पटक सत्ताको स्वाद चाख्न सफल भए, यति मात्र होइन आफ्नै नेतृत्वको दुई/दुई पटक प्रदेश सरकार पाए। तर मुद्दाको माग संस्थागत हुनुका सट्टा सरकारमा सहभागी हुने ती दलहरुका नेताहरु भ्रष्टाचारमा लिप्त भए।

२०६४ भदौ १३ गते तात्कालिन मधेशी जनअधिकार फोरमसँग नेपाल सरकारले गरेको २२ बुँदे समझौता अनुरुप आन्दोलनमा घाइते भएकालाई औषधोपचार र राहत पाएन । आन्दोलनको क्रममा लगाइएका मुद्दा खारिज गरिने र बन्दीलाई रिहा गर्ने, स्वायतयुक्त प्रदेश निर्माण, मधेशीहरुको भेषभूषा र संस्कृतिलाई राष्ट्रिय मान्यता दिइने, राज्यको हरेक निकायमा मधेशीलाई समानुपातिक रुपमा प्रतिनिधित्व गराइने, मातृभाषा, नेपाली र अंग्रेजी सहितका त्रिभाषीय निती कायम गर्ने, नागरिकताबाट वञ्चितलाई नागरिकता दिइने, राजश्व र आम्दानीको आएको रकम मधेशमा न्यायोजित रुपले वितरण गर्ने, औद्योगिक सुरक्षा बल गठन लगायतका मांग अहिलेसम्म पुरा हुन सकेको छैन।

त्यस्तै २०६४ फागुन १६ सरकारले संयुक्त मधेशी मोर्चासँग गरेको ८ बुँदे सम्झौता अन्तर्गत आन्दोलनको क्रममा लगाइएका मुद्दा फिर्ता, बन्दीलाई रिहाई, स्वायत मधेश प्रदेश निर्माण, २० प्रतिशत रहेको आरक्षण व्यवस्थालाई ३० प्रतिशतमा पुरयाइने, राज्यको हरेक निकायमा नियुक्ति, सरुवा र बढुवा मधेशीलाई समानुपातिक समावेशी आधारमा गर्ने, नेपाली सेनामा मधेशीको पनि सामूहिक रुपमा समानुपातिक समावेशी प्रवेश लगायतका मागहरु अहिलेसम्म पुरा गर्न सकेको छैन।

यी सम्झौताहरुमा हालका मधेश केन्द्रित दल जसपा र लोसपाका नेताहरुले हस्ताक्षर गरेका छन् । तर आफैले गरेको हस्ताक्षरको सम्झौता पुरा गराउन सकेको छैन। बरु त्यसलाई भऱ्याङ्ग बनाएर अहिलेसम्म सत्ता स्वाद चाख्नमा लिप्त छन्। उनीहरु न त मधेशका एजेण्डामा कायम रहन सकेका न शहीदहरुलाई सम्मान नै गर्न सकेका छन्।

### मधेसीले के गुमाए त ?

मधेस विद्रोहमा मधेसमा बसोबास गर्ने सम्पूर्ण जात, समुदाय आन्दोलनमा होमिएका थिए । तर, १५ वर्षको बीचमा मधेसमा जातीय ध्रुबीकरण बढेको छ भने मधेसभित्रको समुदायमा खटास परेको छ । मधेशीबाट थारु र मुस्लिम अलग भए । संगै आन्दोलन गरे ज्यान गुमाएका थारु र मुस्लिमहरु अहिले आएर आफूहरु मधेशी होइन भन्न थालेका छन्। यसले मधेशीको शक्ति क्षिण हुन गएको छ।

मधेस विद्रोहपछि नेकपा एमालेसहितको राष्ट्रिय पार्टीको प्रत्यक्ष डिजाइनमा गराइएको 'थरुहट आन्दोलन'ले मधेस आन्दोलनको शक्तिलाई कमजोर बनायो। यहाँसम्म कि माओवादी र एमाले-कांग्रेस थरुहट आन्दोलनमा बाडिँदा अहिलेसम्म पनि थारुहरुले थरुहट आन्दोलनका लागि दुईवटा शब्द प्रयोग गर्छन् । कांग्रेस-एमाले निकटहरुले 'थरुहट आन्दोलन' र माओवादी निकटहरुले ' थारुवान आन्दोलन'।

मधेस आन्दोलनमा होमिएका थारु आफूहरु मधेशी होइन भनेर छुट्टै थरुहट आन्दोलनमा होमिए । मधेसभित्रको थारु र गैरथारु बीच तनाव उत्पन्न हुँदा राज्यले न त थारुको माग सम्बोधन गर्यो न त मधेसीको नै । त्यस्तै, धार्मिक अल्पसंख्यक मुस्लिमलाई पनि राज्यले अलग्यायो । जबकि पहिलो मधेस विद्रोहमा सुरक्षाकर्मीबाट चारजना मारिएका थिए । तेस्रो मधेस आन्दोलनमा पनि तीनजना मारिए।

प्रथम मधेस विद्रोह अघि २४ जिल्लामा रहेका भूगोलको मधेश अहिले खुम्चिएर ८ जिल्लामा परिणत भएको छ । मधेस विद्रोहको मूल नारा नै 'स्वायत मधेस एक प्रदेश' थियो । तर, हाल मधेसको भू-भाग ७ वटै प्रदेशमा विभाजित भएको छ । समावेशी मर्मलाई समाप्त पार्नेगरी सबैलाई समावेशी कोटामा ल्याइएको छ। अर्थात् 'सबैका लागि आरक्षण, कसैका लागि पनि होइन' भन्ने सिद्धान्त।

### शहिद परिवारहरु के भन्छन ?

मधेश आन्दोलनका शहीद परिवारहरु भन्छन आफ्नो सन्तान र अभिभावकको बलिदानी मधेश केन्द्रित दलहरुको कारण खेर गयो। हाम्रै सन्तान र अभिभावकको खूनलाई सिचेर विभेदकारी सरकारसँग सम्झौता गरेर पटक पटक सरकारमा गए, तर न त आन्दोलनको माग पुरा गर्न सके, न मुद्दामा अडि नै रहे। बरु सत्ता लिप्सामा लिन रहे।

मधेस आन्दोलनका सहीद दिलिप यादवका पिता रामनरेश यादव भन्छन आफ्नो पाँचजना सन्तान मध्ये एक्लो साहाराको रुपमा रहेको छोराले मधेस आन्दोलनमा बलि दिएपनि अहिलेसम्म कुनै मधेसी नेताले सोध्न समेत आएका छैनन्।

उनले मधेस आन्दोलनको समयमा सहीद भएकाहरुको परिवारलाई ५० लाख र रोजगार दिने मधेशी दलले घोषणा गरेपनि केही गर्न सकेन । सहीदहरुकै कारण मधेश सरकार गठन भएपनि मधेस सरकारले आफूहरुप्रति केहि नसोचेको यादवको गुनासो छ । यसैगरी अर्का सहीद नितु यादवकी आमा राजकुमारी देवी यादवका अनुसार मधेस आन्दोलनमा आफ्नो सन्तानलाई गुमाउँदा पनि सरकारले कुनै किसीमको सहयोग गरेको छैन्।

### ११७ जनाको शहादत

मधेस आन्दोलनको क्रममा ११७ जना सहीद भएको तथ्यांक छ । जसअन्तर्गत २०६३/०६४ मा ५४ जना, २०७२/०७३ मा ५६ जना, २०७३ मा ५ जना (सप्तरी) र २०७४ मा २ जनाले शहादत प्राप्त गरेका छन्। २०६३ सालको मधेस विद्रोहको क्रममा जनकपुरधाममा मात्रै जनकपुरधाम उपमहानगरपालिका-१४ का कारी ठाकुर, गणेशमान चारनाथ नगरपालिकाका ब्रम्हदेव ठाकुर, जनकपुरधाम-४ का राजेश ठाकुर र धनुषाधाम नगरपालिकाका बाबु नारायण यादवले शहादत दिएका थिए । ०७२ सालको मधेस विद्रोहको क्रममा लक्ष्मीनिया गाउँपालिका-१ अरेरवाका दिलिप यादव, जनकपुरधाम उपमहानगरपालिका-१९ जमुनियाका नितु यादव र क्षिरेश्वरनाथ नगरपालिकाका संजय चौधरीले शहादत प्राप्त गरेका थिए।

# सभामुखमा एमालेका घिमिरे निर्वाचित



काठमाडौँ, ५ माघ

प्रतिनिधिसभाको सभामुख पदमा नेकपा (एमाले)का उम्मेदवार सांसद देवराज घिमिरे निर्वाचित भएका छन । प्रतिनिधिसभाको विहिवारको बैठकमा उहाँलाई मतदान गर्ने पक्षमा एक सय ६७ मत खसेको थियो । उक्त प्रस्तावकको विपक्षमा एक सय मत खसेको थियो। मतदानमा दुई सय ६८ले भाग लिएका थिए । एक जनाले मत दिएनन् ।मतदान प्रक्रियापछि प्रतिनिधिसभाका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराले मत विभाजनको नतिजाबारे जानकारी दिँदै सदनको हाल कायम संख्याको बहुमत प्राप्त गरेकाले घिमिरे सभामुखमा निर्वाचित भएको घोषणा गरे । घिमिरेको प्रस्तावकमा एमालेका उपाध्यक्ष सुवास नेम्वाङ र समर्थकमा नेकपा (माओवादी केन्द्र)का संसदीय दलका प्रमुख सचेतक हीतराज पाण्डे, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देन एवं राष्ट्रिय स्वजतन्त्र पार्टी (रास्वपा) का अध्यक्ष रवि लामिछाने थिए । नेपाली कांग्रेसका ईश्वरीदेवी न्यौपानको प्रस्तावकमा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा र समर्थकमा नेकपा (एकीकृत समाजवादी) का नेता प्रकाश ज्वाला थिए । एमालेका घिमिरेलाई सत्ता साझेदार एमाले, नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्तवन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीलगायत राजनीतिक दल तथा केही स्वतन्त्र सांसदको समर्थन रहेको थियो। विसं २०१३ मा ताप्लेजुङमा जन्मनुभएका घिमिरे २०५६ देखि २०६० सालसम्म राष्ट्रियसभा सांसद थिए। उनी प्रतिनिधिसभा सदस्य निर्वाचन, २०७९ मा झापा क्षेत्र नं २ बाट निर्वाचित भएका थिए। उनले विद्यार्थी सङ्गठनबाट राजनीति सुरु गरेका थिए। उनी विसं २०४९ मा एमालेको केन्द्रीय सदस्य थिए । घिमिरेले एमालेको स्वास्थ्य विभागको अध्यक्ष भएर काम गरेका थिए । हाल उनी एमालेको स्थायी समिति सदस्य र प्रदेश नं १ को इञ्चार्ज छन ।सङ्घीय संसद्को पहिलो बैठक बसेको १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यमध्येबाट सभामुख निर्वाचित गर्ने संवैधानिक व्यवस्था छ । प्रतिनिधिसभाको पहिलो बैठक गत पुस २५ गते बसेको थियो। नेपाली जनताको सर्वभौमसत्ता सम्पन्न सर्वोच्च थलोका रुपमा प्रतिनिधिसभा रहिआएको छ। रासस

# बर्दिबास अस्पतालः सेवा बिस्तारले जगायो आश




महोत्तरी, ५ माघ

सरकारी स्वास्थ्य संस्थाको सेवाप्रति आम रुपमा निराशा बढेकै बेला महोत्तरीको बर्दिबास अस्पतालप्रति भने सर्वसाधारणको भरोसा बढ्न लागेको छ । बर्दिबास-२ बुद्धचोकस्थित बर्दिबास अस्पतालले विभिन्न प्रकारका २६ वटा सेवालाई नियमित गरेपछि सर्वसाधारणमा आशा बढेको हो । बर्दिबास अस्पतालले बुधबार मात्रै अब विज्ञ चिकित्सक र अत्याधुनिक उपकरणसहितको २६ वटा सेवालाई नियमितता दिने घोषणा गरेको छ।

अस्पतालले बुधबार जनरल ओपिडी सेवा, सघन उपचार कक्ष सेवा, प्रसूति तथा महिला रोग सेवा र हाडजोर्नी तथा नसा रोगसम्बन्धी महत्वपूर्ण सेवा विस्तार गरेको छ। त्यसैगरी शल्यक्रिया, नवजात शिशु स्याहार, दाँत, मुख तथा गिँजासम्बन्धी समस्या, ल्याव, एक्सरे, भिडियो एक्सरे, ईसीजी, फार्मेसी, स्वास्थ्य बीमा र भर्ना सेवासहितको सुविधा विस्तार गरेको छ।

अस्पतालले ज्येष्ठ नागरिक स्याहार केन्द्र, एकीकृत हिंसा व्यवस्थापन, सामाजिक सुरक्षा सेवा, परिवार नियोजन सेवा, सुरक्षित गर्भपतन सेवा, किशोरकिशोरी सेवा, शव परीक्षण सेवा, क्षयरोग उपचार सेवा, परामर्श तथा प्रेषण सेवा र सम्पूर्ण शरीरको जाँच सेवासहितका सुविधा नियमित गरिने जनाएको छ।

"अस्पतालले बुधबार थालेका नयाँ सेवा र त्यसलाई गुणस्तरीय र नियमित बनाइने प्रतिबद्धताले अब गरिब र निमुखाले पनि अत्यावश्यक स्वास्थ्य सेवा आफ्नै ठाउँमा पाउँछन् भन्ने आश जगाएको छ", स्थानीय उमेश आचार्य भन्छन, "यी सेवाले नियमितता पाउनसके यस भेगमै स्वास्थ्यक्षेत्रमा निकै सुधार आउने छ।" अस्पतालले जनमुखी स्वास्थ्य सेवा, भौतिक व्यवस्थापन र दक्ष जनशक्तिको पहुँच अझ बढाउँदै लगिने जनाएको छ ।"हामीलाई स्थानीय तह (बर्दिबास नगरपालिका), अस्पताल व्यवस्थापन समिति र समुदायको राम्रो साथ छ, प्रभावकारी स्वास्थ्य सेवा प्रवाहप्रति हामी प्रतिबद्ध छौँ", अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा कृष्णा महर्जन भन्छन, "ठीक ठाउँमा उपचार लिन पुगेछौँ भन्ने अनुभूति दिने गरी बिरामीको हेरचाह हुनेछ।"

अस्पतालले अत्यावश्यक सेवा थपेर सोअनुसारको भौतिक र दक्षजनशक्तिको व्यवस्थापन गरेपछि यस भेगमा सर्वसुलभ उपचार सेवा पाउने आश बढेको छ ।"सानातिना स्वास्थ्य समस्यामा पनि पैसाकै अभावले उपचार गराउन नसकिने अवस्था अब रहनेछैन", बर्दिबास-२ की पवित्रा खड्का भन्छन, "सुत्केरी हुने/गराउने बेला महङ्गा निजी अस्पतालमा पुग्नु नपरे पनि निकै ठूलो राहत हुनेछ।"

अस्पतालको सेवाले यो ठाउँ अब बर्दिबास नगरक्षेत्रमात्र नभएर छिमेकका भङ्गाहा, औरही र गौशाला नगरक्षेत्रसँगै छिमेकी जिल्ला धनुषाका मिथिला, सर्लाहीका इश्वरपुर एवम् लालबन्दी एवम् सिन्धुलीका कमलामाई तथा दूधौली नगरपालिकासम्मका सेवाग्राहीका लागि भरपर्दो उपचार केन्द्र बन्ने विश्वास गरिएको छ। धनुषाको मिथिला, सर्लाहीका ईश्वरपुर र लालबन्दी तथा सिन्धुलीका कमलामाई र दूधौली बर्दिबास नगरपालिकासँग जोडिएका छिमेकी जिल्लाका नगरपालिका हुन्।

पछिल्ला केही वर्षयता सरकारी अस्पतालका सेवा प्रभावकारी र भरपर्दो हुन नसकेपछि निजी अस्पतालमा उपचार गराउनेको संख्या बढेको बर्दिबास-१४ का रामनरेश महतो बताउछन। "पोहोर साल छोरीलाई सुत्केरी व्यथा लागेपछि नजिकैको निजी अस्पताल पुऱ्याएँ, अस्पतालले शल्यक्रिया गर्नुपर्छ पैसा जुटाउनुस भने", महतोले भने , "त्यसपछि छोरीलाई प्रादेशिक अस्पताल जनकपुर पुऱ्याएँ, उनले सामान्य अवस्थामा बच्चा जन्माइन् ।" अब बर्दिबासमै यो सेवा सुरु भएपछि टाढाको अस्पताल जानुपर्ने अवस्था नपर्ने भएको उहाँले सुनाए। स्वास्थ्य बीमा गरेका सेवाग्राहीले पनि निजी अस्पतालमा लाइनमा बस्नुपर्ने अवस्था अब अन्त्य हुने अपेक्षा गरेका छन्।

अस्पतालमा थप सेवा प्रवाहका लागि बर्दिबास नगरपालिकाले लिएको पहलकदमीको अहिले सर्वसाधारणले सराहना गरेका छन् । बर्दिबास नगरपालिकाले सेवासँगै अस्पतालको भौतिक संरचना पनि बढाउँदै लगेको छ। स्वास्थ्य सुविधा बढाइएसँगै अस्पतालको माथिल्लो तलामा पनि आवश्यकताअनुसार कोठा थप्दै लगिएको छ। चार तले अस्पताल भवनमा यसअघि ५२ कोठा थिए। अब सेवा विस्तारसँगै केही कोठा थपिँदैछन्। सेवा प्रवाह, भौतिक र दक्षजनशक्ति व्यवस्थापनको काम सन्तुलनमा गरिने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष जयनारायण शर्मा बताउछन।

जम्मा ५० शय्याको अस्पतालमा अहिले चिकित्सक, स्वास्थ्यकर्मी, प्रशासनिक कर्मचारी र परिचारिकासमेत ८३ जना कार्यरत रहेका मेडिकल सुपरिटेण्डेण्ट डा महर्जनको भनाइ छ। "हामी आम जनताले अनुभूति पाउने गरी सबैक्षेत्रका कामलाई व्यवस्थित गर्न लागि परेका छौँ, अहिले लामो तयारीपछि अस्पतालबाट यो अनुभूति दिइँदैछ", नगर प्रमुख क्षत्रीले भने , "हामी आफ्ना कामलाई अरुका लागि पनि उदाहरणीय प्रेरणादायी हुने गरी व्यवस्थित गर्छौं।" अब सबैले देख्ने गरी एकपछि अर्को कामका सकारात्मक नतिजा आउने क्षत्रीको थप भनाइ छ। नेपाल सरकारको २०६४ सालको निर्णयले स्थापित यो अस्पताल समय क्रमसँगै भौतिक संशाधन, दक्षजनशक्ति र सेवा प्रवाहमा पनि उम्दा बनेपछि यस भेगमा अहिले खुसी छाएको छ । आम जनताले आफ्नै ठाउँमा राम्रो उपचार पाउने आश सँगालेका छन्। रासस

## राहत दिन माग गर्दै ......

राहत पाउनुपर्ने माग मन्त्री समक्ष राखेका थिए।

उनीहरुले मधेश आन्दोलनमा शहादत प्राप्त गरेकाहरुको मात्रै योगदान छ, हातखुट्टा आँखा गुमाउने घाइतेहरुको कुनै योगदान छैन प्रतिप्रश्न गर्दै मधेश सरकारले गठन गरेको मधेशी शहिद प्रतिष्ठान शहिद परिवारका लागि मात्र राहतका योजनाहरु ल्याउनु गलत हो । सो आन्दोलनमा गोली खाएर प्रहरीको लाठी खाएर आफ्ना हातखुट्टा गुमाएर बेरोजगार भएका आफूहरुलाई पनि राहत दिनुपर्ने पर्ने माग गरे।

साथै प्रतिष्ठानको नाम मधेशी शहिद तथा घाइते प्रतिष्ठान राख्नुपर्ने माग समेत उनीहरुले गरेका छन् । कार्यक्रम स्थलको मुख्य गेटमै धर्ना दिएका उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि तथा मधेश सरकारका नवनियुक्त मन्त्री संजय यादवले सम्बोधन गर्दै आन्दोलनका घाइतेहरुको यकिन गरि छिट्टै नै छुटेकाहरुका लागि राहतको व्यवस्थापन गर्ने प्रतिवद्धता गरेपछि उनीहरु धर्नाबाट उठेका थिए । तिनीहरुले आफू घाइते भएपछि राज्यपक्षले कुनै उपचार खर्च नदिएपछि चन्दा संकलन गरेर, घर जग्गा बेचेर र ऋण साप्टी लिएर उपचार गराएको भन्दै आन्दोलनमा शरीरका विभिन्न भाग गुमाउंदा कामै नलाग्ने अवस्थाले बेरोजगार हुँदा मधेश सरकारले राहत दिनुपर्ने बताए।

आन्दोलनका घाइतेहरुले राहत पाउन शहीद नै हुनुपर्ने त्यस्तो कहीं कुनै कानूनमा व्यवस्था छैन । तर संघीय सरकार जस्तै मधेश सरकारले पनि आफूहरुसँग विभेद गरेको आरोप लगाए । मधेश सरकारले मधेश आन्दोलनका शहीद परिवारलाई रोजगारी दिने गरेको प्रतिबद्धता अनुसार रोजगारी नदिएको गुनासो शहीद परिवारहरुको रहेको छ। सरकारले आफ्नो पार्टी सम्बद्ध कार्यकर्ताहरुको आफन्तलाई मात्र जागिर दिएको र आफूहरुलाई करारमा नियुक्ति पत्र दिएपनि हालसम्म जागिरको व्यवस्था सरकारले नगरेको गुनासो गरेका छन्। पुर्वमुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले मधेशमा ५६ जना शहीद मध्ये ४६ जना शहीद परिवारलाई सरकार मातहतका मन्त्रालय तथा निकायमा करारमा जागिर दिनेगरी नियुक्ति पत्र दिए त्यस मध्येमा सरकार आबद्ध दलका कार्यकर्ताहरुको चिनजान र आफन्तका सहित मात्र १५/१६ जनाले जागिर पाए । बाँकी नियुक्ति पत्र लिएकाहरु आजसम्म मधेश सरकार कहाँ हारगुहार गर्दै धाउंदै आएका छन्।

## मधेशीप्रतिको नश्लीय ......

एक रहेका जनता समाजवादी पार्टीलाई विभाजन गर्न सफल यी नेताहरुको विभेदी मानसिकता पढन सक्नु पर्ने अवस्था आएको छ।

एउटा अन्तरवार्तामा जनमतका अध्यक्ष डा सिके राउतले पनि आफनो मनपर्ने नेतामा प्रचण्डको नाम बताएका थिए। हुन सक्छ त्यहि भएर उनको नेतृत्वमा बनेको सरकारमा सहभागी पनि भएका छन् । तर प्रधानमन्त्रीले मन्त्रालय बांडफांडमा गरेको बइमानी र मधेशी शहिद प्रतिको अपमानमुलक कार्यशैलीले डा राउतले पनि त्यस्ता राजनेतालाई चिन्नुपर्ने समय आएको छ । सरकारमा आफनो समर्थन जनाएका जसपा अध्यक्ष उपेन्द्र यादव र लोसपा अध्यक्ष महन्थ ठाकुरले पनि प्रधानमन्त्रीको यस्तो कार्यशैली प्रति खुल्ला रुपमा विरोध जनाउनुपर्छ। मधेश आफनो हो र मधेशी आफनो होइन भनेर खुल्ला रुपमा जनाईरहदा जसपा, लोसपा, जनमत र तमलोपा मुखमा ताल्चा लगाउनु भनेको मधेशी जनता प्रतिको बेइमानी हुनेछ।

मधेशीलाई नचिन्ने सरकारबाट फर्केर सडक र सदनबाट जवाफ दिने समय आएको छ। किनभने नेपाली जनताले परिवर्तन चाहेको छ । यस्ता विभेदकारी निती र नेता होइन।

## पर्सामा भूमाफियाको ......

आइसकेकाहरुको जिल्ला कार्यालयबाट गरिएको आग्रहमा एक दिन म्याद बढाइएको थियो । त्यही बढाइएको मितिको फाइदा उठाउंदै जेठ २६ गतेको पुरानोमा मितिमा दर्ता गरेको बुझिन्छ । तर सो जग्गा १ महिना अगाडी मात्र कित्ताकाट गरेर मालपोत कार्यलयमा गत मंसिर २५ गते जग्गपास भएको मालपोत रेर्कडले देखाएको छ । हाल सो जग्गाबाट कित्ता नम्बर ४००४ बाट किता नम्बर ४२०९, ४२१० तथा ४२११ गरि तीनवटा कित्तामा कित्ताकाट गरिएको छ । ४२० ९ कित्ता बक्सपत्र गरि रमावती देवीको नाउमा १२ धुर, कित्ता नम्बर ४२१० राजिनामा १ कठा ७ धुर शेख नुरुलहोदा र ४२११ नम्बर कित्ता अंश भरपाईबाट रेनुदेवी सर्राफको नाउमा २ कठ्ठा ७ धुर ११ कन्वा जग्गा पास भएको प्रमाण भेटिएको छ। बन्द अवधिमा किताकाट भएको कुरालाई कार्यालय प्रमुख श्रेष्ठले ठाडो रुपमा अस्वीकार गरेका छन्। उनले भने हामीले बन्द अवधिमा अदालत बाहेक कुनैपनि जग्गाको किताकात आर्थिक प्रलोभनमा गरेका छैनौ। यदि कसैले भनेको छ भने त्यो आरोप गलत हो।

किता नम्बर ४००४ एक महिना अघि कसरी तीन जनाको किताकाट भयो भन्ने प्रश्नमा उनले त्यो पहिला नै किताकाट भएको दाबी गर्दै ढिलोगरी रजिष्ट्रेशन गराए होला बताए। प्रमुख श्रेष्ठले धेरै यस्ता किताकाट भएका जग्गा छन, जुन सम्बन्धित व्यक्तिहरुलाई आर्थिक आभाव र अंशियारबीच कुरा नमिल्दा ढिलो गरी रजिष्ट्रेशन हुन सक्छ।

मालपोत कार्यालयले पनि घुस खाएर जग्गा रजिष्ट्रेशन गरेको कुरा खुलेको छ। नियमत एउटा टोक्नमा एउटा जग्गा मात्र रजिष्ट्रेशन गर्न पाउने हो । तर किता नम्बर ४००४ को किताकाट भई रजिट्रेशन भएको जग्गामा घुस खाएर एउटै टोक्नमा तीनवटा रजिष्ट्रेशन गरेका छन्।

मालपोत कार्यलयले सो जग्गाका लागि १० नम्बरको टोकन पठाएको एउटा मात्र टोक्न पठाएको थियो । एउटै टोकनबाट किताकाट गरिएका ती तीनवटै जग्गाको रजिष्ट्रेशन गरेका हुन । यस बिषयमा कार्यलय प्रमुख श्रेष्ठसंग बुझ्दा आफूले यस्तो काम नगरेको दावी गरेका छन्।

S S Product
माधो एग्रो
धान थ्रेसर



तोरी, मकै, भटमास, समेत दाइ गर्न सकिने

हामी कहाँ ब्रह्मपुरीको हैरो, लेव्लर, कल्टीभेटर तथा अन्य कृषि उपकरणहरु समेत पाइन्छ ।

कुनै पनि कम्पनीको पुरानो थ्रेसर ल्याउनुहोस् ।
नयाँ थ्रेसर मात्र रु. २,२५,000।- मा लिएर जानुहोस् ।

माधो एग्रो थ्रेसरको विशेषताहरू:

१. ८ गेजको चादरबाट टापा निर्माण गरिएकोले बढी टिकाउ हुने ।
२. १ घण्टामा ८० देखि १०० मनसम्म धान झार्न सकिने ।
३. पराल लामो तथा टाढा सम्म फाल्न सकिने ।
४. १ सिजनको पूर्ण वारेन्टी भएको ।
५. सुकेको र गिलो भएको धान सजिलै संग सफा झार्न सकिने ।
६. खेत तथा घरदैलोमा समेत २४ औं घण्टा कम्पनीको मेकानिकबाट रेखदेखको व्यवस्था ।
७. स्पेयर पार्टसहरु सजिलै सँग उपलब्ध हुने ।
८. डबल फ्लाइव्हिल जडान गरिएको ।
९. ड्रम साइज ६ तथा ६.५ फिटमा उपलब्ध ।
१०. I.S.O. बाट प्रमाणित भएको ।

* शर्तहरु लागु हुनेछ ।

सम्पर्क: त्रिशक्ति ट्रेडर्स, प्रतिमा चौक, वीरगंज, मो.नं. ९८५५०२१२८१
शाखा कार्यालय: भरतपुर, चितवन, ९८५५०३७०९९

# भारतीय क्रिकेटर शुभमन गिलको कीर्तिमान




५ माघ, काठमाडौं ।
भारतको एकदिवसीय टोलीमा उनको स्थानमा प्रश्न उठेको थियो, किनभने उनी टिम बाहिर रहेको बेला स्थान लिएका ब्याटर इशान किसनले गत महिना बंगलादेशविरुद्ध दोहोरो शतक बनाएका थिए ।
टिममा फर्केपछि किसनको ठाउँ लिएका शुभमन गिलले पनि आफ्नै नाममा दोहोरो शतक बनाएका छन् । टिममा पुनरागमन गरेपछि उनले पहिलो तीन इनिङ्समा ७०, २१ र ११६ रन बनाएका थिए । चौथो खेलमा न्युजिल्याण्डविरुद्ध २०८ रन बनाउँदै आफ्नो स्थानलाई लिएर उठेका प्रश्नको जवाफ दिएका छन् ।
हैदरावदाको ट्र्याक ब्याटिङका लागि सजिलो थिएन, १४९ बलमा गिलले बनाएको २०८ रनको स्कोरपछिको अर्को उत्कृष्ट स्कोर रोहित शर्माको ३४ रन भयो ।
गिलको २०८ रनको मद्दमा भारतले ८ विकेट गुमाएर ३४९ रन मात्र बनायो । यो कुनै पनि ब्याट्सम्यानले दोहोरो शतक बनाएको इनिङमा बनेको अहिलेसम्मकै कम रन हो ।
ब्याटरलाई जस्तै बलरलाई पनि गाह्रो थियो, तर मिचेल सान्टनर र माइकल ब्रेसवेलको लागि अजीब बल टर्न भयो । न्युजिल्यान्डले नियमित रूपमा विकेट लिन थाल्यो । भारतको ४ विकेट गइसकेको थियो । त्यसपछिका ८ बलमा १९, १२ बलमा १७, ८ बलमा १२ र १० बलमा १८ रन बनाए गिलले । न्युजिल्यान्डले ३५ औं देखि ४७ औं सम्म १३ ओभरमा मात्र ९३ रन दियो । गिलले अन्तिम १२ बलमा ३९ रन बनाएर आक्रामक प्रदर्शन गरे ।
टस जितेर ब्याटिङ गर्दै रोहितले गिलसँग मिलेर आक्रामक सुरुवात दिलाएका थिए । तर रोहित ३४, विराट कोहली ८ र इशान किसन ५ रनमा आउट भइसक्दा भारत ३ विकेटको क्षतिमा ११० रनको स्थितिमा थियो ।
मैदानमा गिल उत्कृष्ट देखिन्थे । उनको ब्याक-फुट पन्च, अतिरिक्त कभर ड्राइभ र डिसमिसिभ पुलहरू सबै प्रदर्शनमा गरे । गिलले स्पिनरहरुलाई दबावमा राखे । मिचेल ब्रासवेलको अफब्रेक बाहिरी किनारामा लाग्यो, तर टम लाथमले क्याच छोडे । गिल पछि हटेनन् । सोही ओभरमा उनले छक्का प्रहार गर्दै ५२ बलमा ५२ रन बनाए ।
गिल र सूर्यकुमार यादवले ५३ बलमा ६५ रनको साझेदारी गरे । सूर्यकुमारले डेरिल मिचेललाई सिधै कभर गर्ने क्रममा न्युजिल्याण्डलाई समयमै सफलता दिलाए ।
सूर्यकुमार यादव ३१ रनमा आउट भएको केही क्षणपछि गिलले छक्का लगाएर ९९ रन बनाए र अर्को बलमा शतक पूरा गरे । त्यतिबेलासम्म उनले ८६ बल फेस गरेका थिए ।
४०औं ओभरमा सान्टनरले हार्दिक पाण्ड्यालाई बोल्ड गरे । पाण्ड्या आउटको निर्णय थर्ड अम्पायरले गरेपछि भारत ४०औं ओभरमा ५ विकेटमा २४९ रनको स्थितिमा थियो ।डेथ ओभरमा न्युजिल्याण्डलाई प्रहार गर्न गाह्रो भयो । तिनीहरूले वाशिंगटन सुन्दर र शार्दुल ठाकुरको विकेट पनि लिए, जसले गर्दा गिलले विकेट बचाएर खेल्नु परेको थियो । तर तीन ओभर बाँकी छँदा गिलले प्रहार गर्न मिल्ने बलको प्रतीक्षा गर्न छोडे । गिलले ४८औंमा ब्लेयर टिकनरको बलमा दुई छक्का र ४९औंमा फर्गुसनको सुरुका ३ बलमा लगातार छक्का हाने र दोहोर शतक पूरा गरे । २०० रन बनाउँदा उनले १४५ बल खेलेका थिए ।
न्युजिल्यान्डका लागि चुनौतीपूर्ण ३५० रनको लक्ष्य दिन उनले १९ चौका र ९ छक्का प्रहार गरेका थिए ।यो प्रदर्शनले २३ वर्षका गिल दोहोर शतक पूरा गर्ने सबैभन्दा कान्छो खेलाडी बनेका छन् ।
गिलले बनाएको २०८ रन एक दिवसीय क्रिकेटको उच्च आठौं स्कोर हो । एक दिवसीय क्रिकेटमा भारतकै रोहित शर्माले सबैभन्दा धेरै २६४ रन बनाएका छन् ।

# अफगानिस्तानमा कठ्याङ्ग्रिएर पच्चीस जनाको मृत्यु



शिवर्गान, ५ माघ
बढ्दो चिसोसँगै निरन्तर हिमपात भएपछि अफगानिस्तानको उत्तरी जाज्जान र छिमेकी सारी पुल प्रान्तमा २५ जनाको मृत्यु भएको छ ।
सरकारी अधिकारीहरूका अनुसार जाज्जान प्रान्तको खमाब, खानका र आक्चा जिल्लामा बिगत दुई दिनदेखि भारी हिमपात हुँदा कठ्याङ्ग्रिएर नौ जना पुरुष, चार बालबालिका र पाँच जना महिलासहित १८ जनाको ज्यान गएको हो ।
त्यसैगरी निरन्तर बढिरहेको चिसोसँगै अनवरत हिमपात भएका कारण जाज्जानको छिमेकी सारी पुल प्रान्तमा महिला र बालबालिकासहित सात जनाको मृत्यु भएको प्रान्तीय प्रशासनका अधिकारी सैयद सफतुल्लाह सफवानले बताउनुभएको छ ।
अधिक चिसो मौसममा भएको हिमपातले युद्धग्रस्त अफगानिस्तानका केही भागमा बाक्लो हिउँ जमेको छ । अघिल्लो साता अफगानिस्तानका केही स्थानको तापक्रम माइनस ३० डिग्री सेल्सियसमा झरेको थियो । कुन्दुज , फर्याब, बादघिस, जज्जान र सारीपुल प्रान्तमा हालसम्म महिला र बालबालिकासहित ६० जनाले चिसोका कारण ज्यान गुमाएका थिएभने हजारौँ चौपाया पनि मरेका थिए । यसैबीच, चिसोबाट घरलाई न्यानो पार्न हेरत प्रान्तमा प्रयोग गरिएको ग्यासबाट विषाक्त कार्बन मोनोअक्साड उत्पन्न हुँदा बिरामी भएका एक सय ४० जनालाई प्रान्तीय अस्पतालमा भर्ना गरिएको छ । देशमा दाउरा तथा अन्य आधारभूत वस्तुको मूल्य आकाशिएपछि अफगान नागरिकले घर कोठा तताउन ग्यास प्रयोग गर्दै आएका छन् ।
(रासस/सिन्ह्वा)

# एपिएफलाई हराउँदै वालिङ निलो फाइनलमा



वालिङ, ५ माघ
स्याङ्जाको वालिङ खेलमैदानमा बुधबार सम्पन्न सेमिफाइनलमा एपिएफ क्लबलाई हराउँदै आयोजक स्याङ्जाको वालिङ युनाइटेड नीलो फाइनलमा प्रवेश गरेको छ । एपिएफलाई १-० गोलले पराजित गर्दै वालिङ निलोले उपाधि भिडन्त पक्का गरेको हो । उक्त खेलमा वालिङ निलोका लागि अजय मार्टिन्सले निर्णायक गोल गरेका थिए । विजयी वालिङ निलोले शनिबार वालिङ युनाइटेड रातो र एभिनियरबीच हुने खेलको विजेतासँग फाइनलमा प्रतिस्पर्धा गर्नेछ ।
बुधबारको खेलमा वालिङ युनाइटेडका विश्वास श्रेष्ठ उत्कृष्ट खेलाडी घोषित भए । दोस्रो सेमिफाइनल खेल शुक्रवार वालिङ युनाइटेड रातो र एभिनियर फुटबल क्लब क्यामरुनबीच हुनेछ ।
वालिङ युनाइटेड फुटबल क्लबले आयोजना गरेको प्रथम वालिङ गोल्डकप स्याङ्जाकै सर्वाधिक राशिको प्रतियोगिता हो । शनिबार फाइनल खेल हुनेछ । हालसम्म लिस्नु फुटबल क्लब रुपन्देही, केबिएल ग्लोबल भरतपुर फुटबल क्लब चितवन, साहारा क्लब पोखरा, त्रिभुवन आर्मी क्लब काठमाडौँ र एपिएफ फुटबल क्लब काठमाडौँ प्रतियोगिताबाट बाहिरिएका छन् ।
प्रतियोगितामा उपाधि जित्ने टोलीले रु पाँच लाख तथा उपविजेताले रु दुई लाख ५० हजारसहित ट्रफी प्राप्त गर्नेछन् ।रासस

# चीन र रुससँग संयुक्त सैन्य अभ्यास गर्दै दक्षिण अफ्रिका



जोहानेसवर्ग, ५ माघ
रुसले युक्रेनमाथि आक्रमण गरेपछि मस्कोको पक्षमा उभिन आनाकानी गर्दै आएको दक्षिण अफ्रिकाले आगामी महिना आफ्नो समुद्र तटमा चीन र रुससँग संयुक्तरूपमा सैन्य अभ्यास गर्ने घोषणा गरेको छ ।
विगतदेखि नै चीन र रुससँग सुमधुर रहेको देशको सम्बन्धलाई अझ सुदृढ बनाउन तीनवटै राष्ट्रका सेनाबीच बहुराष्ट्रिय जलसैन्य अभ्यास हुने दक्षिण अफ्रिकी सेनाले बिहीबार बताएको छ । आगामी फेब्रुवरी १७ देखि 'मोसी' संयुक्त सैन्य अभ्यास हुने दक्षिण अफ्रिकाको राष्ट्रिय प्रतिरक्षा बलले जनाएको हो । तीन देशका जलसेनाको यो दोस्रो संयुक्त अभ्यास हुनेछ । चार वर्षअघि यस्तै अभ्यास केपटाउनमा भएको थियो ।
सैन्य कारबाहीलगायत आधार भूत सीप र ज्ञान आदानप्रदान गर्न आफ्ना चिनियाँ र रुसी समकक्षीसँग देशका तीन सय ५० सैनिक कर्मचारीले संयुक्त अभ्यासमा भाग लिने दक्षिण अफ्रिकी सेनाले जनाएको छ ।
दक्षिण अफ्रिका ब्राजिल, रुस, भारत र चीन सदस्य रहेको ब्रिक्सको हालै अध्यक्ष बनेको हो । अमेरिका र युरोपेले नेतृत्व गरेका विश्वव्यापी शासनका संरचनालाई चुनौती दिन ब्रिक्स स्थापना भएको ठानिन्छ ।
दक्षिण अफ्रिकाले युक्रेनमाथि रुसले गरेको आक्रमणको निन्दा गर्न अस्वीकार गरेको छ । पश्चिमा राष्ट्रले भने रुसमाथि धेरै किसिमका प्रतिबन्ध लगाएका छन् । (रासस /एएफपी)

# न्युजिल्याण्डकी प्रधानमन्त्रीद्वारा पदत्यागको घोषणा




वेलिङ्टन, ५ माघ
न्युजिल्याण्डकी प्रधानमन्त्री जसिन्डा आर्डर्नले पदबाट राजीनामा दिने घोषणा गरेका छन । यो वर्षको निर्वाचनअघि आफू पदबाट बाहिरिने उनले शुक्रवार अप्रत्यासितरूपमा घोषणा गरेका हुन । आगामी केही साताभित्र न्युजिल्याण्डमा आम निर्वाचनको घोषणा हुँदैछ । आफू सम्बद्ध राजनीतिक दल लेबर पार्टीको बैठकमा उनले राजीनामाको घोषणा गरेर पार्टीकासदस्यसहितदेशवासीलाई आश्चर्यचकित पारेका छन ।
बयालीस वर्षकी आर्डर्नले देशको नेतृत्व गर्न आफूसँग पर्याप्त ऊर्जा नभएको बताए । "म पनि मानव हुँ, सकेसम्म समय दिएँ, अब पुग्यो ।
अब मरो समय हो," पार्टी बैठकमा विश्रामको घोषणा गर्दै उनले भने । फेब्रुवरी ७ सम्ममा पदबाट बाहिरिने पनि उनले बताए । पार्टीका सदस्यले देशलाई नेतृत्व गरेकामा आभार व्यक्त गरेका थिए ।
कोभिड-१९ को महामारी र त्यसपछिको मन्दी, क्राइस्टचर्च मस्जिदमा आतङ्ग्वादी आक्रमण र ह्वाइट आइल्याण्ड ज्वालामुखी विष्फोटको कठिन समयमा उनले देशको नेतृत्व गरे । सन् २०१७ मा ३७ वर्षको उमेरमा प्रधानमन्त्री चुनिएपछि उनी विश्वकै कान्छी महिला सरकार प्रमुख भएका थिए । उनले अब आफ्ना प्रेमी टेलिभिजन प्रस्तोता क्लार्क गेफोर्डसँग लगनगाँठो कस्ने बताएका छन ।
पाकिस्तानकी प्रधानमन्त्री बेनजिर भुट्टोपछि उहाँ उच्च पदमा रहेकै बेला आमा बन्ने विश्वको दोस्रो नेत्री भए ।
(रासस/ एएफपी)

## जाडोमा अपनाउनुपर्ने सावधानीहरु

*केही समय यता बढ्दो चिसो शीतलहरले गर्दा जनजीवन प्रमावित पारेको छ । त्यसैले चिसोबाट बच्न यी उपायहरु अपनाऔं ।*

- शरीरको सबै भाग ढाक्ने गरी बाक्लो तथा न्यानो लुगा लगाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दर्घ रोगीहरुलाई चिसोबाट बचाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त मात्रामा सेवन गरौं, धुम्रपान तथा मधपान नगरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या जस्तै ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा घ्यार-घ्यार भएमा, श्वास फेर्न कठिनाई भएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- सुत्ने कोठामा आगो, हिटर, मकल, कोइला ब्रिकेट आदि बाली झयाल ढोका बन्द गरेर कहिल्यै नसुतौं ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछाडौं ।

रामगोपालपुर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

# रुस-चीन सम्बन्धको प्रशंसा



मस्को, ५ माघ
रुसका विदेशमन्त्री सर्गेई लाभरोभले चीनसँगको उच्चस्तरीय सम्बन्धको प्रशंसा गरेका छन । बुधबार यहाँ भएको पत्रकार सम्मेलनमा उनले रुस र चीनबीचको सम्बन्ध सुमधुर रहेको र त्यसको अनुभव भइरहेको बताए । चीनसँगको सम्बन्ध व्यावहारिक, विश्वासनीय एवम् पारस्परिक सम्मानमा आधारित भएको बताउँदै विदेशमन्त्री लाभरोभले चीनसँगको सम्बन्धलाई एक आदर्शको प्रतीकका रूपमा चित्रण गर्न सकिने उल्लेख गरे ।
दुवै देशले संयुक्त राष्ट्रसङ्घमा निकट सम्पर्क र समन्वयमा रहेर काम गरिरहेका, साङ्घाई सहयोग सङ्गठन, युरेसियन आर्थिक सङ्घ र बेल्ट एण्ड रोड इनिसिएटिभ मार्फत पारस्परिक सहयोग प्रवर्द्धन गर्दै नयाँ चुनौतीविरुद्ध संयुक्तरुपमा लडिरहेका बताए । द्विपक्षीय सहयोग र समन्वयबाट रुस-चीनबीचको रणनीतिक साझेदारीलाई सुदृढ बनाउन मद्दत पुगेको उनले बताए । (रासस सिन्ह्वा)

# आर्मेनियाको सैनिक ब्यारेकमा आगो लाग्दा पन्द्र जनाको निधन



येरेभान, ५ माघ
आर्मेनियाको सैनिक ब्यारेकमा आगलागी हुँदा कम्तीमा १५ जनाको मृत्यु भएको छ भने अन्य तीन जना गम्भीर घाइते भएका छन् । देशको पूर्वी गेघरकुनिक क्षेत्रको अजात गाउँमा बिहीबार ९ बिहान आगलागी हुँदा ती सैनिक मारिएका हुन् । प्रारम्भिक जानकारी अनुसार सैन्य इकाईको इन्जिनियर र स्नाइपर कम्पनीको ब्यारेकमा भएको आगलागीको कारण खुलिनसकेको उक्त मन्त्रालयले बताएको छ । गत अगस्टमा राजधानी येरेभानको व्यस्त बजारमा विष्फोट र त्यसपछि भएको आगलागीमा एक दर्जनभन्दा बढीको मृत्यु भएको थियो ।
करिब ३० लाख जनसंख्या भएको आर्मेनिया सन् २०२० मा अजरबैजानसँग भएको युद्धबाट नासिएका भौतिक संरचनालगायत पूर्वाधार पुनः निर्माणमा लागेको छ । युद्धमा पराजय भोगेपछि राजनीतिक सङ्कट उत्पन्न हुँदा कठिन अवस्थाबाट आर्मेनिया गुज्रिरहेको छ । युद्ध अन्त्य भए पनि आर्मेनिया र अजरबैजानका सीमा क्षेत्रमा तनाव जारी छ । (रासस/ एएफपी)

# अनिवार्य अवकाशको म्याद बढाउने योजनाविरुद्ध फ्रान्समा हडताल

पेरिस, ५ माघ
सेवाबाट निवृत्त हुने समय परिवर्तन गर्ने फ्रान्स सरकारको योजनाबाट क्रुद्ध भएका कामदारले आज द्रुत गतिका रेल ठप्प पारेभने विद्युत् आपूर्ति पनि रोकेर विरोधस्वरुप सडकमा पुगेका छन् । देशव्यापी यो हडताललाई राष्ट्रपति इम्यानुएल म्याक्रौंको परीक्षाको रुपमा हेरिएको छ ।
प्रस्तावित नयाँ नियमअनुसार निवृत्ति भरण पाउन अब धेरै समय काम गर्नुपर्नेछ । अनिवार्य अवकाशमा जाने विद्यमान ६२ वर्षको उमेरलाई बढाएर ६४ वर्ष कायम गरिएको छ । देशमा वृद्धहरूको सङ्ख्या बढ्दै गएको तथा देशवासीको औसत आयु पनि वृद्धि भइरहेको छ । साथै उनीहरूले राज्यबाट निवृत्तिभरण पनि प्राप्त गर्दै आएका छन् । राष्ट्रपति म्याक्रौंले भने विद्यमान प्रणालीमा देखिएका समस्या समाधान गर्न प्रस्ताव गरिएको बताएका छन । कर्मचारी सङ्घसङ्गठन र युनियनले निवृत्तिभरणमा गरिएको फेरबदलले कठिन सङ्घबाट प्राप्त अधिकार गुम्ने, तलबमा गरिएको कर योगदानको प्रस्ताव अमान्य भएको बताउँदै आएका छन् ।
नयाँ निवृत्तिभरण प्रणालीबारे गरिएको एक सर्वेक्षणले पनि अधिकांश फ्रान्सेली नागरिक त्यसको विरोधमा रहेका देखाएको छ । (रासस/ एपी)

### बीरगंज भन्सारद्वारा ६ महिनामा ७६ अर्बभन्दा बढी राजश्व असुल

# आयातमा कडाई हुँदा लक्ष्यभन्दा ४६ अर्ब राजस्व कम




मधेशदृष्टि
बीरगंज, ५ माघ । मुलुकको प्रमुख भन्सार नाकाको रुपमा स्थापित एकिकृत भन्सार जाँच चौकी आईसिपी बीरगंज भन्सार कार्यालयले चालु आर्थिक बर्ष २०७९/०८० को ६ महिनामा ७६ अर्ब ५४ कारोड ८८ लाख २८ हजार रुपैया राजस्व असुली गरेको छ।

अर्थमन्त्रालय भन्सार विभागले आईसिपी भन्सारलाई ६ महिनाको अवधिमा १ खर्ब २२ अर्ब ७७ करोड १८ लाख ५५ हजार राजस्व उठाउने लक्ष्य तोकेको भए पनि आयातमा गरिएको कडाईका कारण बीरगंज भन्सारको राजस्व असुलीमा प्रभाव भएको प्रमुख भन्सार प्रशासक राजेन्द्र प्रसाद चुडालले जानकारी दिए।

बीरगंज भन्सार कार्यालयले ६ महिनामा तोकिएको लक्ष्य भन्दा झण्डै ३८ प्रतिशत कम राजस्व असुली भएको छ । तुलनात्मक रुपमा हेर्दा लक्ष्य भन्दा ४६ अर्ब २२ करोड ३० लाख २७ हजार कम राजस्व उठेको र यसको प्रभाव मुलुकको अर्थतन्त्रमा पर्ने हुँदा अर्थविद्हरु चिन्तित भएका छन।

चालु आर्थिक बर्षको ६ महिनामा बीरगंज नाकाबाट हुने मालवस्तुको आयात निर्यात घटनुको साथै भन्सारमा लामो समय देखि नयाँ सवारी साधनको जाँचपास हुन नसकेर थन्किनु तथा सवारी साधन नभित्रिएको कारण राजस्व असुली प्रभावित भएको बीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र प्रसाद चुडालले बताए । बीरगंज भन्सार कार्यालयको यार्डमा अहिले झण्डै ९ अर्ब रुपैयाँ बराबरको गाडी थन्किएर बसेका छन् । त्यसैगरी सरकारले ड्राइ फुड, प्लाष्टिक जन्य खेलौना आदि मालवस्तुको आयातमा लगाएको प्रतिबन्धले पनि राजस्व असुली कम भएको प्रमुख भन्सार अधिकृत चुडालले बताए।

यसैगरी वीरगंज भन्सार कार्यालयले भन्सार राजस्व तर्फ २६ अर्ब ८१ करोड ९१ लाख ३२ हजार राजस्व असुली गरेको छ भने मुल्य अभिबृद्धि कर तर्फ ३४ अर्ब ८५ करोड ६० लाख ४२ हजार राजस्व असुली भएको छ। त्यसैगरी अन्त शुल्क तर्फ ५ अर्ब ५३ करोड ३२ लाख २२ हजार असुली गरेको चुडालले बताए।

त्यसैगरी बीरगंज भन्सार कार्यालयले पूर्वाधार कर तर्फ ६ अर्ब ४१ लाख ८ हजार राजस्व उठाएको छ भने कृषि सुधार शुल्क तर्फ ८० करोड ५१ लाख २४ हजार असुली गरेको छ। यसैगरी वीरगंज भन्सार कार्यालयले सडक मर्मत तथा सुधार दस्तुर तर्फ १ अर्ब ५८ करोड ६० लाख ९८ हजार राजस्व असुली गरेको छ भने सडक निर्माण तथा सम्भार दस्तुरमा ७५ करोड ८१ लाख ५३ हजार राजस्व असुल गरेको बीरगंज भन्सार कार्यालयको तथ्यांकमा उल्लेख छ। आईसिपी भन्सार कार्यालयले गत आर्थिक वर्ष २०७८/७९ को ६ महिनामा १ खर्ब ५ अर्ब ९० करोड ८३ लाख ३५ हजार रुपैयाँ राजस्व असुली गरी लक्ष्य भन्दा झण्डै ५ अर्ब ६८ करोड ६७ लाख भन्दा बढी राजस्व संकलन गरेको थियो।

# मधेस आन्दोलनका शहिदहरुको सम्झनामा बलिदानी दिवस

मधेशदृष्टि
बीरगंज, ५ माघ । मधेस आन्दोलनका शहिदहरुको सम्झनामा मधेशवादी दलले वीरगंजमा बिहीवार बलिदानी दिवस मनाएको छ । बीरगंजको घण्टाघर चोक नजिकै रहेको मधेसी सहिद पार्कमा जनता समाजवादी पार्टी पर्साका नेता तथा कार्यकर्ताले शहिदहरुका शालिकमा फुलमाला सहित श्रद्धाञ्जली अर्पण गरेका छन् ।

श्रद्धाञ्जली सभामा वक्ताहरुले मधेस आन्दोलन र मधेसी शहिदहरुकै त्याग र बलिदानीका कारण मधेसीले पहिचान , संघीयता, समावेशीता लगायतका अधिकार प्राप्त गर्न सफल भएको कुरामा जोड दिएका थिए।

वक्ताहरुले अझै पनि मधेस आन्दोलनका केही मुद्दा सम्बोधन हुन बाँकी नै रहेको भन्दै त्यसका लागि आफुहरुको संघर्ष जारी नै रहेको दावी गरेका छन । जसपा पर्साका अध्यक्ष रामनरेश प्रसाद यादवको सभापतित्वमा सम्पन्न बलिदानी दिवसको अवसरमा आयोजित श्रद्धाञ्जली सभामा मधेश प्रदेश सभाका सदस्य प्रमोद जयसवाल, जसपाका केन्द्रिय सदस्य फिरोज मन्सुर, केन्द्रिय परिषद सदस्य शिवजी सोनी, जसपा मधेस प्रदेश उपाध्यक्ष बृजमोहन तिवारी, जिल्ला सचिव तबरेज अहमद लगायतको सहभागीता थियो ।यसैविच बलिदानी दिवसको अवसरमा आज पोखरीया स्थित शहिद चन्दन पटेलको शालीकमा फुलमाला अर्पण गरिएको छ । जनता समाजवादी पार्टी (जसपा)) को पोखरिया नगर समितिले श्रद्धाञ्जली सभाको आयोजना गरि बलिदानी दिवस मनाएको जसपाकी केन्द्रिय सदस्य सलमा खातनुले बताए।

श्रद्धान्जलीसभामा वक्ताहरुले मधेस आन्दोलन र मधेसी शहिदको बलिदानीबाट नै संघीयता, समावेशीता जस्ता राजनीतिक उपलब्धिहरु प्राप्त भएकाले शहिदको त्याग र बलिदानलाई विर्सिन नहुने कुरामा जोड दिएका थिए । कार्यक्रममा जसपाका केन्द्रीय सल्लाहकार खलील मिया, शहिद चन्दन पटेलका काका मनोज पटेल, जसपाका क्षेत्रीय अध्यक्ष पवन कुमार सिंह, नेतृ डा.मधु गुप्ता, जसपा नगर अध्यक्ष राजु साह, मुख्तार मिया, हरिन्द्र साह, देवेन्द्र साह, जग मुखिया लगायतका नेता कार्यकर्ताको सहभागीता थियो । बलिदानी दिवस मनाउन मधेश प्रदेश सरकारले आज यस प्रदेशमा सार्वजनिक विदा दिएको छ । यसैविच मधेस सरकारले सिरहाको लहानमा सहिद



संग्रहालय बनाउने घोषणा गरेको छ । मधेस बलिदानी दिवसको अवसरमा सिरहाको लहानमा आयोजित सहिदप्रति मल्यार्पण कार्यक्रममा अर्थमन्त्री संजय यादवले सो घोषणा गर्नुभएको हो।

उहाँले जग्गा उपलब्ध भयो भने यसै आर्थिक वर्षदेखि संग्रहालय बनाउने सुरु गरिने बताउँदै सहिदको सम्मानका लागि मधेस सरकारले कुनै कसर बाँकी नराख्ने बताउनुभयो । मधेसी सहिदको कारण मधेस सरकार बन्न सम्भव भएको उल्लेख गर्दै उनले सरकारले सहिद र परिवारको सम्मानमा हरसम्भव प्रयास गर्ने बताए । सहिद परिवारका सदस्य तथा घाइतेलाई सम्मान पनि गरिएको छ । जनकपुरमा आयोजित विशेष कार्यक्रममा सहिद परिवार तथा घाइते परिवारलाई सम्मान कार्यक्रम रहेको मन्त्री यादवले बताउनुभयो । सरकारले मधेस प्रदेशमा सुशासन कायम गर्न कदम चालिसकेको बताउँदै उनले प्राप्त उपलब्धीलाई रक्षा गर्दै अन्य मागका लागि आफ्नो पार्टीले संघर्ष कायम राख्ने बताए।

# प्याबसन अन्तर विद्यालय नकआउट क्रिकेट प्रतियोगिता शुरु




मधेशदृष्टि
बीरगंज, ५ माघ । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) पर्साको आयोजनामा बहिवारदेखि सातौं संस्करणको प्याब्सन अन्तर विद्यालय नकआउट क्रिकेट प्रतियोगिता वीरगञ्जमा सुरु गरेको छ।

आदर्शनगर रंगशालामा सुरु भएको प्रतियोगिताको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बलिङ र उपप्रमुख इम्तियाज आलमले ब्याटिङ्ग गरेर खेल सुरु गरेका हुन् । प्रतियोगिताको उद्घाटन खेल मनकामना मा.वि. र चिल्ड्रेन वर्ल्डबीच भएको छ।

प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख सिंहले वीरगंजको पहिचान उच्च बनाउने गरी खेलाडीहरुको उत्पादन गर्नु पर्ने आवश्यकता रहेको बताउँदै त्यसका लागि विद्यालय स्तरबाटै हुने खेलले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिए। उनले खेलाडीहरुको प्रतिभालाई उजागर गराउन खेलकुद प्रतियोगिताहरुको आयोजनालाई बृद्धि गर्नु पर्ने बताउँदै त्यसका लागि महानगरले आवश्यक सहयोग उपलब्ध गराउने घोषणा पनि गरे । यस्तै मधेस विश्व विद्यालयका उपकुलपति डा.दिपक शाक्यले शैक्षिक पाठ्यक्रमका साथै अतिरिक्त कृयाकलापलाई पनि सँगै अघि बढाउँदा विद्यार्थीको सर्वाङ्गिण विकाशमा सहयोग पुग्ने बताए।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष सुबोध गुप्ताले खेलाडीले खेलबाटै जीविकोपार्जन गर्न सक्ने अवस्था बनाउनु पर्नेमा जोड दिए। कुनै विद्यालय सहभागि हुने कुनै नहुने भन्दा पनि खेलमा सबै विद्यालयलाई सहभागिता जनाउन सक्ने गरी आवश्यक सेवा सुविधा उपलब्ध गराउने वातावरण बनाउन सरोकारवालाहरुलाई उनले आग्रह समेत गरे। त्यसका लागि आवश्यक सहयोग गर्न उद्योग वाणिज्य संघ सँधै तयार रहेको पनि अध्यक्ष गुप्ताले बताए।

प्याब्सन पर्साका अध्यक्ष पुरण प्रधानको सभापतित्वमा सम्पन्न कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, ठाकुरराम बहुमुखी क्याम्पस वीरगञ्जका प्रमुख उमेश चौरसिया, लगायतको सहभागिता रहेको थियो।

उद्घाटन कार्यक्रममा प्रतियोगितामा सहभागि विद्यालयहरुले मार्च पास गरेका थिए । मार्चपासमा मस्कट एकेडेमी प्रथम हुन सफल भएको छ। सेन्ट जेभियर्स दोस्रो र एमइएस एकेडेमी तृतीय स्थान हात पारेको छ । १४ गतेसम्म संचालन हुने प्रतियोगितामा वीरगञ्जका २५ वटा विद्यालयले सहभागिता रहेको छ । प्रतियोगितामा विजयी हुने टिमले शिल्ड तथा प्रमाणपत्र प्राप्त गर्ने छन्।

# शहरी विकास कार्यालय वीरगंजमा फेरि विवाद




मधेशदृष्टि
वीरगज, ५ माघ। प्रदेश सरकार मातहत रहेका शहरी बिकास तथा भवन डिभिजन कार्यलय वीरगजमा फेरी विवाद सुरु भएको छ।

कर्मचारी खटन पटनको कारण पटक पटक बिवादमा तानिदै आएको सो कार्यलयमा ६ महिनादेखी कार्यालय प्रमुख राख्ने विषयमा प्रदेश सरकार र केन्द्र सरकारको हस्तक्षेपको कारण विवाद हुदै आएको छ।

प्रदेशको मातहतमा पर्ने सो कार्यलयमा संघ सरकारले हस्तक्षेप गरेपछि एक आसपमा शित युद्ध शुरु भएको छ । प्रदेशवाट खटाईएका र संघबाट खटिएका प्रमुखहरुको लडाईको कारण अहिले कार्यालयमा कर्मचारीहरु थप अन्यौलमा परेका छन।

शहरी बिकास तथा भवन डिभिजन कार्यलय वीरगजमा प्रदेश सरकारले अधिकारीक तरिकाले मदन रायलाई कार्यालय प्रमुख बनाएर पठाएपछि संघ सरकारले त्यहाबाट सरुवा भई गएका सरोजकुमार गोईतलाई पुनः कार्यलय प्रमुखको जिम्मेवारी सहित पठाएपछि विवाद शुरु भएको हो।

अधिकारीक रुपमा मदन रायले कार्यलयमा बसी सेवाग्राहीहरुको काम गर्दै आएका छन भन्ने गोईतले क्वाटर समेत नछोडेर राजनीतिक पहुचको आधारमा कार्यालयलाई बदनाम गरेको स्वयं कर्मचारीहरुले गुनासो गरेका छन।

कर्मचारी आवास खाली नहुँदा अधिकार पाएका कार्यलय प्रमुख मदन रायले अहिले होटल वा अन्य साथीहरुको घरमा बिस्दै आएको गुनासो गरेका छन । प्रदेश सरकार र संघ सरकार विच एक आपसमा समन्वय नहुँदा समस्या भएको र यसलाई तत्काल समाधान गर्नु पर्ने माग कर्मचारीहरुको छ।

# महासंघको समिति गठन

मधेशदृष्टि
बीरगंज, ५ माघ । नेपाली काङ्ग्रेस निकट कृषकहरुको भातृ सङ्गठन नेपाल किसान महासङ्घको जिल्ला कार्य समिति गठन भएको छ।

केन्द्रीय कार्यालयको निर्देशन अनुसार बुधबार सङ्गठनका पर्सा जिल्ला अध्यक्ष अरविन्द त्रिपाठीको अध्यक्षतामा बसेको बैठकले जिल्ला कार्य समिति गठन गरेको हो । नेपाली काङ्ग्रेस पर्साको कार्यालयमा बसेको सङ्गठनको बैठकले त्रिपाठीको अध्यक्षतामा १५ सदसिय कार्य समिति गठन गरेको छ।

जसको उपाध्यक्षमा पोखरिया नगरपालिका वडा नम्बर ९ निवासी मोहम्मद हनिफ मियाँ रहेका छन् । त्यसैगरी सचिवमा दीपनारायण रौनियार, सह-सचिवमा विरेन्द्र यादव, सदस्यमा सम्भु प्रसाद बरई, महेन्द्र साह कानु, नवल किशोर झा, बैद्यनाथ साह सोनार, बलिराम कुशवाहा, जनक यादवक अखिलेश प्रसाद कुर्मी, राजेश पटेल, देवी प्रसाद दाहाल र रुपेश प्रसाद यादव रहेका छन्।

# विद्यालयलाई फर्निचर वितरण

मधेशदृष्टि
बीरगंज, ५ माघ । बीरगंज महानगरपालिका वडा नम्बर २५ को वडा कार्यालयले २ वटा सामुदायीक विद्यालयलाई फर्निचर, शैक्षिक र खेलकुद सामाग्री वितरण गरेको छ।

वडा कार्यालयको ३ लाख रुपैया बजेटबाट मौजेटोल र खल्वाटोलका २ वटा विद्यालयलाई कुर्सी, डेस्क, ब्रेन्च, खेलकुद सामाग्री तथा शैक्षिक वितरण गरिएको हो।

वीरगंज महानगरपालिका वडा नम्बर २५ का वडा अध्यक्ष आसुतोष चतुर्वेदीले एक कार्यक्रमका बिच विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई उक्त सामाग्री हस्तान्तरण गर्नुभएको थियो । वडा अध्यक्ष चतुर्वेदीले वडा भित्र रहेका बालबालिकाहरुको समग्र विकासका लागि निरन्तर सहयोग गरिरहने बताए।

# पेट्रोलियम ढुवानी व्यवसायी महासंघको अध्यक्षमा दास

मधेशदृष्टि
जनकपुरधाम,५ माघ । नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासंघको अध्यक्षमा मनोज दास चयन भएका छन।

ढुवानी महासंघको सातौ अधिवेसनबाट विहिवार दास सर्वसहमतीबाटनै चयन भएका हुन । विहिवार काठमाण्डौमा सम्पन्न भएको अधिवेसनबाट दास चयन भएको जनाइएको छ।



# शिक्षक आभावले पठनपाठन प्रभावित

मधेशदृष्टि
बीरगंज, ५माघ । पर्साको पोखरिया नगरपालिका वडा नम्बर ५ सतवरीयामा रहेको राधाकृष्ण नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा शिक्षकको अभाव हुदा विधार्थीहरुको पठनपाठन प्रभावित भएको छ।

१ सय ८९ जना विद्यार्थीहरु अध्ययनरत रहेको उक्त विधालयमा बालविकासका १ र अन्य दुई गरि मात्र तीन जना शिक्षक कार्यरत छन । पाँच कक्षा सम्मको पठनपाठन हुने सो विद्यालयमा तीन जना मात्र शिक्षक शिक्षिका कार्यरत भएका कारण विधार्थीहरुको पठनपाठनमा असर परिरहेको अभिभावकहरुको गुनासो छ।

शैक्षिक सत्र शुरु भएको १० महिना बित्न लाग्दा समेत शिक्षकको कमीले पठनपाठनमा असर पर्दा विधार्थीहरुको भविष्यसंग खेलवाड गर्ने काम भइरहेको अभिभावकहरुले बताएका छन् । विधार्थी र कक्षाको संख्याको अनुपातमा शिक्षकको संख्या नहुदा बालबालिकाहरुको शैक्षिक गुणस्तरमा नै प्रभाव परेको प्रधानाध्यापिका रोबैदा खातुनले बताए।

विद्यालयमा थप ३ जना शिक्षक आवश्यक रहेको भन्दै उहाले आवश्यक शिक्षकको पदपूर्तीका लागि नगरपालिकाको कार्यालयमा पटक पटक माग गरेको भएपनि सुनुवाइ नभएको गुनासो गरे।

# जिउंदै शिशुलाई मृत घोषणा गर्ने डाक्टर कुटिए



मधेशदृष्टि
जनकपुरधाम, ५ माघ। विराटनगर स्थित कोसी अस्पतालमा जीवित एक नवजात शिशुलाई मृत घोषणा गरेपछि पिडितहरुले डाक्टरलाई कुटपिट गरेका छन्।

कोसीमा मृत घोषणा गरेपछि गोल्डेन अस्पतालमा लैजाँदा शिशु जीवित भएको त्यहाँका डाक्टरले बताएपछि आक्रोशित परिवार र आफन्तले डाक्टर यादवमाथि कुटपीट गरेका हुन्।

शिशुका आफन्तले हातपात गर्दा डाक्टर यादव सामान्य घाइते भएका छन् । उनको टाउकोमा चोट लागेको छ ।जिउँदै बच्चालाई मृत घोषित गरेको भन्दै हातपातमा उत्रिएपछि प्रहरीले तीन जनालाई पक्राउ गरेको थियो।

मोरङ जहदा-३ भातिगञ्जका दीलिप मुखियाको १८ दिनकी शिशुलाई कोसी अस्पतालका डा. अनिल यादवले मृत घोषणा गरेका थिए। अन्त्येष्टिका लागि भन्दै माइती घर लिएर गएका थिए । तर घर पुगेपछि शिशुले हात खुट्टा पनि चलाएपछि हतार हतार एम्बुलेन्स बोलाएर कोशी अस्पताल नजिकै रहेको गोल्डेन अस्पताल भर्ना गरेका छन्। अहिले गोल्डेन अस्पतालमा एनआइसीयू कक्षमा उपचार भइरहेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल